# धर्मकीर्ति

# THE DHARMAKIRTI

## A BUDDHIST MONTHLY



भिक्षुणी डा. धम्मविजया University of Dayton OHIO – USA मा अध्यापन गर्नुहुँदै

DHARMAKIRTI


**ल्हुति पुन्ही**

वर्ष–२१; अङ्क–१२

बिक्रम सम्वत् २०६०

# धर्मकीर्ति

१. 'धर्मकीर्ति' प्रत्येक पूर्णिमाको दिन निस्कन्छ ।

२. 'धर्मकीर्ति' का लागि धार्मिक, सामाजिक एवं नैतिक पक्षका लेखहरू लेखी पठाउनु होस् ।

३. विहार एवं विभिन्न स्थानहरूमा भएका बौद्ध गतिविधिहरू समयमै (औंसिसम्म) हामीलाई लेखी पठाउनु होस् ।

४. हामी तपाईंको स्वस्थ प्रतिक्रियाको स्वागत गर्दछौं ।

५. लेखकद्वारा लेखिएको कुनै पनि विचारको जिम्मेवार लेखक आफै हुनेछ– सम्पादक मण्डल हुने छैन ।

## विषय-सूचि


| क्रसं | विषय | लेखक | पेज नम्बर |
|---|---|---|---|
| १. | बुद्ध-वचन | – | १ |
| २. | सम्पादकीय– बुद्ध जयन्ती कसरी मनाउने ? | – | २ |
| ३. | धम्मपद–१६९ | – रीना तुलाधर | ३ |
| ४. | विचार गरौं | – कृष्ण हरि जि.सी. | ४ |
| ५. | विद्वान होइन विवेकवान हुनुपर्छ | – नरेन्द्रनाथ भट्टराई | ५ |
| ६. | 'आनन्दभूमि र धर्मकीर्ति'का सम्पादक भिक्षु अश्वघोष महास्थविर | – भिक्षु संघरक्षित | ६ |
| ७. | न्हु दँ, भिन्तुना र सम्प्रदायको कुरा | – विश्व शाक्य | ८ |
| ८. | मैत्री केन्द्र बाल आश्रमभित्र रमाएका बालिकाहरू | – मोहन दुवाल | १० |
| ९. | पुसा त्यंके मते | – एस. के. श्रेष्ठ | १२ |
| १०. | बुलन्द हृदयघोष | – सामणेर उत्तम | १२ |
| ११. | प्रतिपदा–५ | – भूषण शर्मा हुमागाई | १३ |
| १२. | छलफल | – मेघदूत | १५ |
| १३. | भिक्षु अश्वघोष महास्थविर | – कृष्ण कुमार प्रजापति | १६ |
| १४. | 'धर्मकीर्ति पत्रिका' | – श्रामणेर गौतम | १७ |
| १५. | धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू | – | १७ |
| १६. | ध्यानकुटी बाल आश्रमको लागि चन्दा दिनुहुने दाताहरूको नामावली | – | १७ |
| १७. | सीयोसम्म लैजान पनि दिँदैनन् | – | १९ |
| २०. | धर्मकीर्ति विहार–गतिविधि | – | २० |
| २६. | धर्म प्रचार–समाचार | – | २२ |


- धर्मकीर्तियात छिगु ग्वाहालीया आवश्यकता दु । छिगु प्रत्येक ग्वाहाली पत्रिकाया लागी त:धंगु तिब: ज्वीफु ।
- छि थ: ग्राहक जुया दिसँ, मेपिन्त नं ग्राहक याना दिसँ ।
- छिं थ:गु पस:, उद्योग, व्यापार, कार्यालयया बिया द्यूगु प्रत्येक विज्ञापन पत्रिकायात त:धंगु ग्वाहाली जूवनी ।
- धार्मिक व सामाजिक पक्षया रचना च्वया, सुझाव व सल्लाह बिया पत्रिकायात रोचक व स्तरीय याय्‌गुली नं ग्वाहाली बीफु ।
- आसे धयादीमते, बिचा: याना दिसँ– 'धर्मकीर्ति' यात बांलाकेत छिं गुकथं ग्वाहाली बिया दीफु ।

Downloaded from http://www.dhamma.digital

प्रमुख व्यवस्थापक
**विद्यासागर रञ्जित**
फोन: ४२५ ८९५५, ४२२ ४९१२

व्यवस्थापकहरु
**चिनीकाजी महर्जन**
फोन: ४२५ ३१८२
**ज्ञानेन्द्र महर्जन**
फोन: ४२७ ६९०८

सह-व्यवस्थापक
**ध्रुवरत्न स्थापित**

सम्पादक
**भिक्षुणी वीर्यवती**
फोन: ४२५ ९४६६

प्रधान सम्पादक
**भिक्षु अश्वघोष महास्थविर**
फोन: ४२५ ९११०

प्रकाशक र विशेष सल्लाहकार
**भिक्षुणी धम्मवती**
फोन: ४२५ ९४६६

कार्यालय
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघ: नघ:टोल
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन: ४२५ ९४६६

बुद्ध सम्वत् २५४७
नेपाल सम्वत् ११२४
इस्वी सम्वत् २००४
बिक्रम सम्वत् २०६०

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- |
| | | वा सो भन्दा बढी |
| वार्षिक | रु. | ७५/- |
| यस अङ्कको | रु. | ६/- |


# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

*A Buddhist Monthly*

**APRIL 2004**


| वर्ष- २१ | अङ्क- १३ | ल्हुति पुन्ही | चैत्र २०६० |
|---|---|---|---|





★ रीसले वैरभाव शान्त हुने छैन, प्रेम भावले मात्र वैरभाव शान्त हुन्छ । यही पहिले देखि चली आएको धर्म हो ।

★★★

★ मूर्खले मात्र हामीले एकदिन अवश्य मर्नु पर्छ भनि विचार गर्दैन 'हामी एकदिन मर्ने छौं' भनी विचार गर्ने बित्तिकै कलह शान्त हुन्छ ।

★★★

★ पापी व्यक्तिलाई इहलोक परलोक दुवै लोकमा शोक हुन्छ, आफूले गरेको खराब कामलाई देखेर आफै दुःखी र पीडित हुन्छ ।

★★★

# सम्पादकीय

## बुद्ध जयन्ती कसरी मनाउने ?

बुद्ध पूर्णिमाको दिन सिद्धार्थ गौतमको जन्म, बोधिज्ञान प्राप्ति र महापरिनिर्वाण (मृत्यु) भएको दिन भनेर सबैले थाहा पाएकै कुरा हो । प्रत्येक बुद्ध पूर्णिमा महोत्सव बौद्ध जगतमा मात्र होइन अन्य देशहरूमा पनि मनाउँदै आइरहेको छ । श्रीलंकामा बुद्धको जीवनी सम्बन्धी झाँकी टोलटोलमा बनाई देखाउने गरिन्छ । विहार विहारहरूमा श्रद्धालु उपासकोपासिकाहरूलाई चियापान गराइन्छ । सरसफाई सम्बन्धि कार्यक्रमहरूको आयोजना गरिन्छ । दिनभर पंचशील प्रार्थना गर्ने चलन छ ।

बर्मामा त बोधिवृक्षमा दूध चढाउने गरिन्छ । त्यहाँ यसदिन त दिनभर विहारमा नै रहने गरी अष्टशील पालन गर्ने नियम छ उपासक उपासिकाहरूको । त्यतिमात्र होइन उनीहरूले त्यसदिन विहारमा बसी ध्यान भावना अभ्यास गर्ने गर्दछन् । त्यसदिन यात्रुहरूलाई चीसो पेय पदार्थ दान गर्ने कार्यक्रम पनि राखेको हुन्छ ।

नेपालमा पनि बुद्ध मूर्तिलाई खटमा राखी जात्रा गर्ने चलन छ । रक्तदान, सरसफाई कार्यक्रम लगायत स्वास्थ्य सेवा सम्बन्धि अन्य कार्यक्रमहरूको आयोजना गरी बुद्ध पूर्णिमा महोत्सव मनाउने गरिन्छ ।

वास्तवमा बुद्धले त जनमानसमा शान्ति स्थापना गर्नको लागि शिक्षा दिनु भएको थियो । उहाँले दिनुभएको शिक्षा अध्ययन गर्नको लागि मात्र होइन यसलाई आ-आफ्नो जीवनमा प्रयोग गर्नको लागि भएको हुनाले हामीले बुद्ध शिक्षालाई व्यवहारमा प्रयोग गर्न सकेको छ वा छैन भन्ने विषयमा पनि एकपटक ध्यान पुऱ्याउनु अति जरूरी छ । यदि यस शिक्षालाई आफूले प्रयोग गर्न सकेको ठहरिएमा त्यहाँनेर बुद्ध पूर्णिमा सहीढंगले मनाइएको भन्न सकिन्छ । होइन भने हामी देखावटी र फलरहित औपचारिकतामा मात्र अलमलिएर समय खेर फालिरहेका हुनेछौं ।

बुद्ध उपदेश अनुसार वैरले वैरभाव शान्त हुँदैन कदापि । मैत्री व्यवहारले मात्र शान्ति प्राप्त हुनेछ । २५०० वर्ष पहिले नै बुद्धले भन्नुभएको यस हितोपदेश आज सम्म पनि सान्दर्भिक नै रहेको छ । तर यस सान्दर्भिक उपदेशलाई सबैले राम्रो, उच्च विचारको रूपमा स्वीकार भने गर्छन्, प्रशंसा गरी व्याख्या पनि गर्छन् । तर यसलाई आफ्नो व्यवहारमा प्रयोग गर्ने समयमा भने सून्य नै देखिन्छन् । त्यसैले होला धर्मको नाममा साम्प्रदायिक भावनाले ग्रसित रही संघर्षलाई स्वीकार्दैछन् संसारका कतिपय स्थानहरूमा । धेरै जसो मानिसहरूको मनमा आफ्नो राय ठीक र अरुको बेठीक भन्ने भावना उब्जिरहेको कारणले नै धर्मको नाममा अशान्ति मच्चिरहेको देखिन्छ ।

मानिसले मानिसप्रति राखिने सद्भाव, परस्पर प्रेम र सहयोग गर्ने भावना, आफ्ना अहंभावलाई त्याग्ने कार्य आदि सद्गुणहरूले धर्मको सही अर्थ बुझाइरहेको हुन्छ । तर आजभोली बुद्ध अनुयायी लगायत अन्य धर्मावलम्बीहरूले पनि धर्मको यस सही अर्थलाई ध्यान दिइएको देखिंदैन ।

अरुले के गर्दैछ भनी अरूलाई ध्यान दिइरहनु भन्दा आफुले के गरिरहेको छु, आफ्नो सोचाई र काम गराई ठीक छ छैन भनी आफूले आफैलाई जाँचिरहन बुद्धले सिकाउनु भएको छ हामीलाई । त्यसैले हामीले बुद्धको शिष्य बन्नको लागि यतातिर पनि ध्यान दिन सके राम्रो हुनेछ ।

त्यतिमात्र होइन धार्मिक विचारधारा राख्ने एक व्यक्तिले आफ्ना हितैषीहरूले समाज र परिवार क्षेत्रभित्र होस् वा अन्य कुनै क्षेत्रमा पनि अरुलाई अहित हुने काम गर्न खोजेको देखेमा चुप लागेर बस्न हुन्न । गलत बाटोमा लागेको त्यस व्यक्तिलाई आफ्नो मैत्री चित्तले अर्ति र सुझाव दिई सुधार्ने प्रयास गर्नु पर्दछ । एक धार्मिक व्यक्तिको परम कर्त्तव्य हो यो । भरसक अरुलाई अप्ठयारो पर्ने खालका कुरा र कामहरू नगर्नु नै धर्म हो ।

यसरी आफ्नो मनमा उब्जिएका विचारहरू लगायत मुखबाट बोलिने वचन र शरीरबाट गरिने कार्यहरूलाई सकेसम्म स्मृतिपूर्वक ठीक समझदारी राख्दै प्रयोग गर्न सकेमा सही रूपले बुद्ध पूर्णिमा महोत्सव मनाइएको ठहरिनेछ । हामी सबैले यसलाई मनन गरी बुद्ध शिक्षाबाट भरसक धेरै फाइदा लिई जीवन सफल बनाउन सकौं भनी धर्मकीर्तिले कामना गरेको छ ।

Downloaded from http://www.dhamma.digital

# धम्मपद–१६९

✍ रीना तुलाधर
*"परियत्ति सद्धम्म कोविद"*

**कामतो जायती सोको-कामतो जायती भयं**
**कामतो बिप्पमुत्तस्स-नत्थि सोको कुतो भयं ?**

अर्थ–

यौनतृष्णाको कारणले शोक हुन्छ, कामवासनाको कारणले भय हुन्छ, कामवासनाबाट मुक्त भईसकेकालाई शोक हुँदैन, भय कहाँबाट हुन्छ ?

घटना–

उपरोक्त गाथा भगवान बुद्धले श्रावस्ती जेतवन विहारमा बस्नु भएको बेला अनित्थिगन्ध नामक युवकको कारणमा भन्नुभएको थियो ।

श्रावस्तीको एक धनाढ्य कुलमा एक पुत्र जन्मे । बच्चैदेखि कुनै पूर्व संस्कारको कारणले त्यो बालक स्त्री जातिसँग बस्न मन पराउँदैनथे । अनित्थिगन्ध नाम गरेका त्यो बालक युवा अवस्थामा पुगेपछि त्यसका आमाबाबुले त्यसलाई बिहे गरीदिने कुरा उठाए । स्त्री जातिसँग अनाशक्त त्यस युवकले "कहिल्यै बिहे गर्दिन" भनेर ढिपि गरे । आमाबाबुले पनि "तिमीले बिहे गरेनौ भने कुलवंश कसरी चल्छ" भनेर जिद्दी गरे । कुनै हालतमा आमाबाबुलाई कुरा सुनाउन नसकेपछि अनित्थि कुमारले एउटा जुक्ति सोचे । त्यसले पाँचसय जना सुनुवारहरूलाई बोलाएर असल सुनको ढिक्को दिइकन अत्यन्त सुन्दर सुनको स्त्री मूर्ति बनाउन दियो । त्यस सुन्दर सुनको स्त्रीमूर्ति देखाएर युवकले आफ्ना आमाबाबुलाई भने– "यो सुनको स्त्री मूर्ति जस्ति सुन्दर केटी ल्याईदिन सके बिहे गर्नेछु ।" आमाबाबुले पनि "हाम्रा छोरा अत्यन्त भाग्यमानी छ । पक्कै पनि यस्ती राम्री केटी यसको लागि जन्मेकी होलिन्" भनी विचार गरेर प्रसिद्ध ब्राह्मणहरूलाई बोलाएर त्यही सुनको मूर्ति देखाएर– "यो मूर्तिसँग रूप मिल्ने केटी खोजेर ल्याउनु" भनेर देश बिदेश पठाए ।

ती ब्राह्मणहरू विभिन्न देश देशावर घुम्दै मद्रराष्ट्रको सागल भन्ने नगरमा आईपुगे । त्यहाँ पुगेपछि कुनै एक तीर्थस्थानमा मूर्तिलाई उभ्याएर एक छेउमा कुरेर बसे । "यस नगरमा यो मूर्ति समानकी कुनै केटी छे भने मूर्तिलाई देखेर नजिक आउनेछ भनी" विचार गरेर ब्राह्मणहरू कुरेर बसेका थिए ।

यस्तो भयो कि साँच्चै त्यो नगरमा एउटी अत्यन्त सुन्दर केटी रहेछ । त्यो केटीलाई घरमै सुरक्षित गरेर राखेको रहेछ । त्यस दिन ती केटीकी धाई आमा त्यही तीर्थस्थानमा नुहाउन आएकी थिइन् त्यो मूर्तिलाई देखेपछि धाई आमाले– "हे छोरी ! तिमीलाई मैले घरमै छोडेर आएकी भन्ठानें तिमी त झन पहिले यहाँ पुगीरहेछौ" भनीकन जिउमा हातले पिटे । त्यो त जिऊ नभएको कुनै मूर्ति रहेको देखेपछि ती धाई आमा आश्चर्य चकित भइन् ।

एक छेउमा कुरेर बसेका ती ब्राह्मणहरू यो देखेपछि दंग परेर अगाडि आए । "तिम्री छोरी यस्तै सुन्दर छ के" भनेर सोधे ।

"हाम्री छोरीको सौन्दर्य अगाडि यो मूर्ति त के न के" भनीकन ती आइमाइले जवाफ दिइन् ।

"त्यसो भए तिम्री छोरीसँग हाम्रो भेट गराईदेउ" ब्राह्मणहरूले आग्रह गरे । "हुन्छ" भनेर त्यस आइमाइले ब्राह्मणहरूलाई घरमा लिएर गए ।

भएको कुराकानी सकेपछि त्यस घरकी सुन्दर छोरीलाई अगाडि ल्याउँदा त्यस केटीको सौन्दर्य अगाडि सुनको मूर्ति नै फिक्का पर्‍यो । ब्राह्मणहरू आफ्नो काम सफल भयो भनी दंग परे । वृतान्त कुरा गरेर विवाहको कुरा पनि पक्का गरे । त्यसपछिबाट त्यो शुभ समाचार सुनाउन आफ्नो देश फर्के । सुनको मूर्ति त्यहिं छोडेर धाइ आमाचाहिँलाई पनि आफूहरूसँगै लगे ।

यो समाचार सुनेर अनित्थि गन्ध कुमारका आमाबाबु अत्यन्त खुशि भएर छिटो छरितो नै विवाहको जोरदाम गरीकन भव्य तयारी गरेर दुलही लिन पठाए ।

स्त्री जातिसँग अनाशक्त भएका अनित्थिगन्ध कुमार पनि सुनको मूर्तिभन्दा पनि सुन्दर केटी भेटिएछ भन्ने सुनेपछि ती केटीको प्रति प्रेम उत्पन्न भएर "छिट्टै मलाई त्यो केटी ल्याइदिनु" भन्न थाले ।

आवश्यक प्रबन्ध सकिएपछि त्यो केटीलाई दुलहीको रूपमा ल्याइयो । लामो बाटोमा यात्रा गर्नुपर्दा ती सुकुमारी केटीलाई शरीरमा कष्ट भएछ । यात्रा गर्दागर्दै बिरामी परेर ती सुन्दर केटीको अचानक मृत्यु भयो । जब यो समाचार अनित्थिगन्ध कुमारसमक्ष पुग्यो उनी अत्यन्त दु:खी भयो । उसलाई ठूलो विस्मात् भयो ।

"हाय मेरो भाग्य हेर ! त्यस्ति राम्री केटीसँग भेट हुन नपाउँदै विछोड भयो ।" भनीकन विलाप गरीरहे ।

भगवान बुद्धले त्यो कुमारको बारेमा जान्नु भयो र त्यसले धर्म अवबोध गर्न सक्ने कुरो पनि थाहा पाउनु भयो । त्यसलाई उपकार गर्ने उद्देश्यले नै तथागत तिनीहरूको घरमा भिक्षा लिन जानु भयो । घरका मानिसहरूले निमन्त्रणा गरी भगवान बुद्धलाई घरमा बोलाएर लिएर गए । भोजन सकिएपछि बुद्धले अनित्थिगन्ध कुमारलाई सम्बोधन गरेर भन्नुभयो– "हे युवक ! के भयो तिमी अति दु:खी देखिन्छौ ।" युवकले भने– "भो भन्ते ! अति सुन्दर केटीसँग मेरो मिलन हुन नपाउँदै तिनको मृत्यु भयो । अत: म अति दु:खी छु । खान, सुत्न पनि मन छैन ।" बुद्धले सोध्नुभयो– "हे युवक ! तिमीलाई थाहा छ ? के कारणले तिमीलाई यस्तो दु:ख भइरहेको छ ।" युवकले भने– "थाहा छैन भन्ते ।" भगवान बुद्धले भन्नु भयो–

"हे कुमार ! तिमीलाई यो महान शोक यौन तृष्णाको कारणले भएको हो । शोक होस् वा भय होस् काम तृष्णाकै कारणले उत्पन्न हुने हो ।"

यति आज्ञा भएर भगवान बुद्धले उपरोक्त गाथा भन्नुभयो । धर्म देशना सकिएपछि अनित्थिगन्ध कुमार स्रोतापति फलमा प्रतिष्ठित भए । ■

## खुशीको खबर

धर्मकीर्ति पत्रिकाको ग्राहक संख्या ५० वा सो भन्दा बढि पुऱ्याउनु हुने महानुभावहरूलाई धर्मकीर्ति पत्रिकाको तर्फबाट प्रशंसा पत्र प्रदान गरिने सूचना यहाँहरूलाई जानकारी गराउन पाउँदा हामीलाई खुशी लागेको छ । यो नियम मिति २०६१ वैशाख देखि वा धर्मकीर्ति वर्ष २२ अङ्क १ देखि नै लागु हुनेछ ।

**व्यवस्थापक**
**धर्मकीर्ति पत्रिका**

# विचार गरौं

**– कृष्ण हरि जि.सी.**
*'हाल म्यानमारमा अध्ययनरत'*

१. अहो कतिसम्म भुल्नु मोहमा संसार बिच
कुस्ती उपद्री कति खेल्नु भन्दै उँचनीच
जन्म रोग मर्न वाट मुक्ति छैन कदापि
मनन गर्ने बेला भयो अब गरी समाधि

२. धर्मको सहारा खोजी भो मात्र उमेर ढल्कींदा
जीवन सु-कर्ममा वितेन धनमा पल्किँदा
पश्चाताप सिवाय केही नरहने राँको सल्किँदा
पानी पिउने कसरी मिराज यात्रा टल्कींदा

३. हे ! जन हो अव त तिमी पनि केही त सुन
कालो चश्मा लगाई साँचो रङ्ग देखीन यो बुझ
धेरै उत्तम मनको भन्दा धनको त्यो दु:खी
अश्वपति पनि खान्छन् कृषकोपज झुकी

४. उथल पुथल मनमा भए शक्तिनै खत्तम
थाहा नभए उमेर हुँदा धर्म नै हो उत्तम
जब हुन लाग्छ नि ! जीवन हुन लाग्छ तत्
नरकको चित्कारले झस्कीनु पर्छ अनि त

५. हे ! नाथ बुद्धि कहिले फिर्छ नि जनमा
पाप धर्मको ख्याल पटक्क छैन मनमा
तन मन लाग्छ यिनको मात्र धनमा
कहिले उज्यालो हुन्छ खै अव रनमा

६. यदि गुनासो सुनिदियौ जाँदैछु अर्कातिर
कोशिस गर्नुछ नफर्किने भई मुसाफीर
धर्म नै हो रहेछ मानिसलाई बनाउने धीर
यसले नै हर्छ मनका सारा सन्ताप पीर


Downloaded from http://www.dhamma.digital

# विद्वान होइन विवेकवान हुनुपर्छ

- नरेन्द्रनाथ भट्टराई

विद्वान् र विवेकवानमा धेरै अन्तर छ । जान्न खोज्ने अनि ज्ञानका कुरा जम्मा गरेर बुद्धिमान् बन्न खोज्ने अर्थात् विभिन्न शास्त्रका कुरा कण्ठ गरेर जान्ने हुने मानिस विद्वान् बन्दछ । यस्ता मानिस विद्यार्थीको रूपमा आएर ज्ञानका कुरा संकलन गरेर पण्डित बन्दछ । विवेकवानलाई शैद्धान्तिक ज्ञानको मतलब छैन । ऊ केवल व्यवहारीक हुन्छ । ऊ पानीको तत्त्व जान्नतिर लाग्दैन पिएर प्यास शान्त गराउनतिर लाग्दछ । पाकशास्त्र कण्ठ गरेर भोक मेटिन्न खानानै चाहिन्छ भन्ने कुरा बुझ्ने मानिस विवेकी हुन्छ भने खाना नखाई भोकै बस्ने तर विभिन्न खाना कसरी तयार गर्ने भनेर पाकशास्त्र कण्ठ गर्नेतिर लाग्ने मानिस विद्वान् हुन्छ । ऊ कुरा गर्न सिपालु हुन्छ, तर विवेकी मानिस कुरा होइन काम नै गरेर छाड्दछ ।

विभिन्न साधु, सन्त, महात्मा कहाँ चहारेर वेदान्तका, शास्त्रका कुरा कण्ठ गरेर ज्ञान बटुल्न लागेका एकजना विद्वान् मानिस चहार्दा चहार्दै, एकजना सद्गुरुकहाँ पुगेछन् । त्यहाँ गएर उनले अनेक जिज्ञासा प्रकट गरे । उनका जिज्ञासाका सबै उत्तर महात्माले दिनुभयो । नयाँ तर्क र नयाँ विचार आयो कि ती जिज्ञासुले कागजमा टिपी पनि हाल्दथे । यो देखेर महात्माले सोध्नुभयो "हे सज्जन ! तिमीले के, कति पढेका छौ र कति सत्संग गरेका छौ ?" जिज्ञासुले पढेका अनेकन् शास्त्र र अहिलेसम्म गरेका सत्संगको लम्बा विवरण सगौरव प्रस्तुत गरे । यो कुरा सुन्दा महात्मालाई ती मानिसले पण्डित बनेर जीवन बर्बाद गर्न लागेको देखेर दया उठेछ । ती पण्डितलाई मुमुक्षु बनाइदिने अठोट गर्दै एकैछिन प्रश्नोत्तर गरेर ती पण्डितलाई, "भोलि बिहानै आऊ तिमीलाई सच्चा ज्ञान दिलाईदिउँला" भन्नुभयो ।

भोलिपल्ट बिहानै ती व्यक्ति आए । बिहानको केही हल्का खानपिन गरेर महात्माले "ल हिंड, आज घुम्न जाऔं म तिमीलाई सच्चा ज्ञान सिकाइदिउँला" भनी तिनलाई लिएर घुम्न गए । परमयाम भएकोले २/३ घण्टा हिँडिसकेपछि दुईजना नै थाके । पण्डित त झन् भोक, प्यास र थकाइले आकुल-व्याकुल हुन लागे । तब महात्माले भन्नुभयो, "तिमीलाई ज्यादै भोक र प्यास लागेजस्तो छ, ल । यो पाकशास्त्रको पुस्तक पढ र भोक शान्त गर ।" आश्चर्य मान्दै पण्डितले भने; "होइन यो के दिनु भएको पाकशास्त्रको पुस्तक पढेर के मेरो भोक हट्छ र ? यहाँ त केवल खानाका अनेक विवरण छन् तर यो विवरणले मेरो भोक कसरी शान्त हुने ? मलाई त रूखासुखा भए पनि रोटी चाहियो ।" महात्माले हाँस्दै भन्नुभयो, "यही पुस्तकको शुरुमै पानीको सूत्र पनि लेखिदिएको छ, त्यो पनि पढ, कण्ठ गर र प्यास मेट ।" "यो के भन्नुभएको ? पानीको सूत्र कण्ठ गरेर, पाकशास्त्र पढेर कहाँ प्यास भोक मेटिन्छ ? मलाई के गर्न आँट्नुभएको ?" झोलाबाट एक बोतलपानी र दुइटा सुख्खा रोटी देखाउँदै महात्माले भन्नुभयो "हे सज्जन ! तिमी त्यो पुस्तक लिऊ । म त यो रोटी र पानीले आफ्नो भोक-प्यास मेट्छु" भनेर खान थाल्नुभयो । पण्डित छटपटिएर, पाकशास्त्रको पुस्तक च्यातचुत पारी फालिदिएर रोटी खोस्न पुगे । महात्माले झोलाबाट अर्को दुइटा रोटी र एक बोतल पानी दिँदै भन्नुभयो "लौ हेर बाबु ! मैले तिमीलाई सच्चा ज्ञान दिन्छु भनेको थिएँ, यही हो सच्चा ज्ञान । पाकशास्त्रको जत्रोसुकै ठूलो ठेली पनि बेकम्माका हुन्छन्, रोटीको सामुन्ने भोक लागेको बेलामा । जसरी तिमी दुई रोटी र दुई घुड्का पानीको लागि छट्पटियौ, जसरी तिमीले पाकशास्त्रका अनेक वर्णन र पानीको तत्त्व भएको पुस्तकै फालेर रोटी र पानी पाउन झम्टियौ, त्यसैगरी परमात्माको अनुभूतिको लागि तिम्रा यी कोरा ज्ञानका, सिद्धान्तका पुस्तक र सूत्रहरूले काम दिँदैनन् । परमात्माको पनि भोकले प्यासले छट्पटिनु पर्छ । सच्चा ज्ञानका कुरालाई खूब चपाएर निल्नुपर्छ, रगत, हाडछाला, मासु मज्जामा घुलमुल्याउनु पर्दछ अनि मात्र सच्चा ज्ञान हुन्छ । त्यसपछि ती मानिस पनि पण्डित बन्न छोडेर विवेकवान बन्न थाले । ■



Downloaded from http://www.dhamma.digital

## ऐतिहासिक एवं सुप्रसिद्ध बौद्ध मासिक

# 'आनन्दभूमि' र 'धर्मकीर्ति'का सम्पादक भिक्षु अश्वघोष महास्थविर

– भिक्षु संघरक्षित संघाराम "सद्धम्म कोविद"

यो देश बुद्धको जन्मभूमि हो । बुद्धभूमिमा विभिन्न तरिकाले बुद्धशिक्षाको प्रचारप्रसार हुँदै आएको छ । तीमध्ये बौद्ध पत्रपत्रिकाहरू प्रकाशनको पनि महत्वपूर्ण योगदान रहेको कुरालाई कदापि नकार्न सकिन्न । पत्रपत्रिकाहरूद्वारा जनताका घरदैलोमा पुगेर सहजै बुद्धको शिक्षा चाँडै प्रचार प्रसार गर्न सकिन्छ । विशेषत: यो काठमाडौं उपत्यकामा बौद्ध मासिकका रूपमा अद्यावधिपर्यन्त अनवरत प्रकाशित बौद्ध मासिक पत्रिकाद्वय **'आनन्दभूमि'** र **'धर्मकीर्ति'** ज्यादै महत्त्वपूर्ण र ऐतिहासिकरूपमा रहिआएको छ । यी दुवै पत्रिकाहरूका स्थापनाकालदेखि सम्पादक, प्रधानसम्पादक रहँदै योगदान पुऱ्याउनुभएका धर्मप्रचारक व्यक्तित्व हुनुहुन्छ– श्रद्धेय भिक्षु अश्वघोष महास्थविर । नेपालको बुद्धधर्म समुन्नतिमा यो उहाँ अर्को महत्वपूर्ण पक्ष हो ।

**१. "आनन्दभूमि' पत्रिकामा उहाँको योगदान:-** विगत ३१ वर्षदेखि नेपालको पहिलो बौद्ध मासिक पत्रिकाका रूपमा निरन्तर प्रकाशित **'आनन्दभूमि'** पत्रिकाको आफ्नै गौरव र इतिहास स्थापित भइसकेको छ । यस्तो ऐतिहासिक पत्रिकामा प्रारम्भकालदेखि सम्पादक रहेर २०औं वर्षसम्म योगदान पुऱ्याइसक्नुभएका श्रद्धेय भिक्षु अश्वघोष महास्थविरको यो प्रशंसनीय र उल्लेखनीय कार्य हो ।

**१.१. "आनन्दभूमि" पत्रिकाको प्रारम्भकालको सम्पादक:-** श्रद्धेय भिक्षु अश्वघोष महास्थविर **"आनन्दभूमि"** पत्रिकाको प्रारम्भकालदेखिको सम्पादकहरूमा एक हुनुहुन्छ । त्रिपिटक विसारद महानायक डा. भिक्षु अमृतानन्द महास्थविरको सक्रियतामा इ.सं. १९७३ मा आनन्दकुटी विहारमा "आनन्दकुटी विहार गुठी" को स्थापना भएको थियो । सोही गुठीको मुखपृष्ठका रूपमा 'आनन्दभूमि' पत्रिका बु.सं. २५१७, वि.सं. २०३० वैशाखदेखि मासिकरूपमा प्रकाशित हुन थालेको थियो, जुन अद्यावधिपर्यन्त सिलसिलाबद्धरूपले द्रूतगतिका साथ प्रकाशनमा अघि बढिरहेको छ ।

प्रारम्भको सो पत्रिका १४ पृष्ठको थियो । यसमा नेपालभाषा तथा नेपालीका बौद्ध लेखरचनाहरू समावेश गरिएका थिए । विशेषत: डा. भिक्षु धर्मरक्षितको "बौद्ध धर्म के हो ?", श्रीलंकाका भिक्षु पञ्ञासीह को नेपालभाषामा "बौद्धगुण फिगू", श्री ज्ञानमान तुलाधरको "विपश्यना" लेखहरू समावेश भएको थियो । एक प्रतिको ५० पैसा र वार्षिक ५ रूपैयाँ मूल्य तोकिएको उक्त पत्रिकाको सम्पादक मण्डलका व्यक्तिहरू थिए- भिक्षु अश्वघोष, श्री वटुकृष्ण भूषण, श्री न्हुच्छेबहादुर वज्राचार्य ।

**१.२. 'आनन्दभूमि' पत्रिकाको प्रधान सम्पादकका रूपमा महास्थविर:-** बुद्धधर्मका ज्यादै महत्त्वपूर्ण बौद्धिक, नैतिक तथा व्यवहारिक उपदेशका, ऐतिहासिक तथा सांस्कृतिक तवरका संकलनीय उल्लेखनीय लेखरचनाहरू प्रदान गर्दै आएको आनन्दभूमिको नेपाली बौद्ध क्षेत्रमा ठूलो स्थान रहेकोमा दुई मत छैन । यस्तो पत्रिकाका सम्पादक मण्डलमा बसेर कार्यरत भई उहाँले बुद्धको उपदेश जनमानसमा फैलाउन ठूलो मद्दत गर्नुभयो । वि.सं. २०३७ जेठ ९ गते बसेको आनन्दकुटी विहार गुठीको कार्यकारिणी बैठकद्वारा सम्पादक मण्डलमा पुनर्गठन गरियो । त्यस निर्णयअनुसार प्रधान सम्पादकका रूपमा श्रद्धेय भिक्षु अश्वघोष महास्थविर रहनुभयो भने सम्पादकहरू थिए– भिक्षु कुमार काश्यप, श्री न्हुच्छेबहादुर वज्राचार्य, प्रकाश वज्राचार्य, सुवर्ण शाक्य ।

यसरी नेपालको पहिलो बौद्ध मासिक पत्रिकामा कहिले सम्पादक, कहिले प्रधान सम्पादक र कहिले व्यवस्थापक (वर्ष: २१; अङ्क १ देखि अङ्क १२ सम्म व्यवस्थापक) समेत रहनुभएर 'आनन्दभूमि' को लागि उहाँले ठूलो योगदान पुऱ्याउनुभएको छ जुन कार्यले नेपालको बुद्धधर्म उन्नत र उत्थानमा थप सहयोग पुग्न गएको छ ।

**२. "धर्मकीर्ति" पत्रिकामा उहाँको योगदान:- धर्मकीर्ति पत्रिकामा श्रद्धेय भिक्षु अश्वघोष महास्थ-**



Downloaded from http://www.dhamma.digital

विरको योगदान अतुलनीय रहेको छ । उहाँको ठूलो प्रयास द्वारा नै यो पत्रिकाको बामे सर्ने काममात्र भएन, अपितु वार्षिक, द्वैमासिकबाट आज मासिकरूपमा निरन्तररूपले प्रकाशित हुँदै जान सकेको छ । उहाँ यस पत्रिकाको प्रारम्भकालदेखि नै एकमात्र सम्पादक हुनुहुन्छ भने अद्यावधिपर्यन्त प्रधान सम्पादक समेत हुनुहुन्छ ।

२.१. "धर्मकीर्ति पत्रिकाको प्रारम्भिकस्वरूपमा महास्थविर:- नेपालमा स्थविर बुद्धधर्मको प्रचार प्रसार कार्यमा यस धर्मकीर्ति पत्रिकाको पनि ठूलो योगदान रहेको छ । यो पत्रिका "धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी" को स्थापनाकालमा वार्षिक पत्रिकाको रूपले प्रकाशित भएको थियो । वि.सं. २०२९, सन् १९७२, बु.सं. २५१६ औं वैशाख पूर्णिमाका अवसरमा प्रकाशित उक्त पत्रिकाका सम्पादक थिए- भिक्षु अश्वघोष । त्यस्तै प्रकाशनमा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, श्रीघ: थियो भने यसको मूल्य राखिएको थियो- रू. १।-

पहिलो पटक वार्षिकरूपमा प्रकाशित उक्त पत्रिकामा विभिन्न बौद्ध दर्शन, उपदेश र व्यक्तित्वका लेखरचनाहरू समाविष्ट भएका थिए । सुश्री सुमन कमलको "मार्ग प्रदर्शक बुद्ध", सुश्री प्रफुल्ल कमलको "बौद्ध शिक्षा", सुश्री अमीर कुमारीको "बौद्ध अध्ययन", सुश्री समाको "आनन्द", मागुणवती अनगारिका बर्मी को "वैशाख पूर्णिमा र लुम्बिनी", सुश्री कान्तिको "यशोधरा", श्री बरदेशको "मंगल", सुश्री रत्नकमलको "बोधिचित्त" आदि लेखरचनाहरू प्रकाशित यस पत्रिकामा स्वयं उहाँको लेख पनि प्रकाशित भएको थियो- "बुद्धको प्रथम उपदेश" । बुद्धवचन, कविता तथापि अध्ययन गोष्ठीका गतिविधि संगालिएको यो पत्रिका बुद्धजयन्ती विशेषांकरूपमा थियो ।

२.२. "धर्मकीर्ति" पत्रिकाको सम्पादक तथा प्रधान सम्पादकको यात्रामा महास्थविर :- प्रारम्भमा एकैपटकमात्र पत्रिका निकाल्ने लक्ष्य राखिएको भएता पनि पछि पनि क्रमशः वार्षिक रूपमा १२ अङ्कसम्म प्रकाशित हुन गयो । त्यसपछिका समयमा १२ अङ्कसम्म द्वैमासिक रूपले पत्रिका प्रकाशन भयो । त्यसपछिमात्र यो पत्रिकाले मासिकरूपमा प्रकाशन हुनपाएको देखिन्छ । यो विवरणलाई स्पष्टरूपमा यसरी देखाउन सकिन्छ-

- बु.सं. २५१६ (वि.सं. २०२९) देखि बु.सं. २५२७ वैशाखपूर्णिमासम्म १२ अङ्क वार्षिकरूपमा प्रकाशित भयो ।
- बु.सं. २५२७ आषाढपूर्णिमा (वि.सं. २०४०) देखि बु.सं २५२९ वैशाखपूर्णिमासम्म १२ अंक द्वैमासिक रूपमा प्रकाशित भयो ।
- फेरि, बु.सं. २५२९ आषाढ पूर्णिमा (वि.सं. २०४२) देखि मासिकरूपमा अद्यावधिपर्यन्त प्रकाशित भइरहेको छ ।

यसरी निरन्तर रूपमा प्रकाशित हुँदै आएको 'धर्मकीर्ति' पत्रिकामा उहाँ संस्थापक सम्पादकको रूपमा ठूलो योगदान पुऱ्याउनुभयो । उहाँ सुरूका वार्षिक १२ अङ्कसम्म एकमात्र सम्पादकका रूपमा हुनुहुन्थ्यो । त्यसपछि पत्रिका द्वैमासिक रूपमा सञ्चालन भएपछि अद्यावधिसम्म उहाँ प्रधान सम्पादकका रूपमा रहनुभएको छ । यसरी उहाँ बुद्धको वास्तविक धर्म संचार माध्यमद्वारा प्रचार-प्रसार गर्न अथक प्रयासका साथ लागिपर्नुभएको देखिन्छ । उहाँको योगदानलाई कदर गर्दै धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीले एक समारोहका बीचमा उहाँलाई अभिनन्दन गर्दै अभिव्यक्त गर्दछन्- "वास्तविक बुद्धको भिक्षु संघमा एक आदर्शवान् भिक्षु हुन् तपाई- करूणामयी, व्यवहारिक, दानी, अलोभी र उत्साही ।" ■

**धर्मकीर्ति पत्रिका नवीकरण सम्बन्धि सूचना**

धर्मकीर्ति पत्रिकाको आगामी वैशाख अंक २०६१ साल वर्ष २२ अंक १ देखि १२ सम्म प्रकाशित हुने पत्रिकाको लागि साधारण सदस्यता नवीकरण गर्न हुनका लागि सम्पूर्ण ग्राहक महानुभावहरूलाई हार्दिक अनुरोध गर्दछु ।

वार्षिक ग्राहक शुल्क रु ७५/- मात्र ।

पुनश्च: बैंकबाट भुक्तानी पठाउँदा खातावालाको नाम 'धर्मकीर्ति' मात्र उल्लेख गरी पठाउन हुन अनुरोध गरिन्छ ।

- प्रमुख व्यवस्थापक



Downloaded from http://www.dhamma.digital

# न्हु दँ, भिन्तुना र सम्प्रदायको कुरा



विश्व शाक्य

नेपाल सम्बत्को नयाँवर्षको उपलक्षमा शुभकामना आदान-प्रदानको कार्यक्रम थियो । शुभकामना आदान-प्रदान कार्यक्रममा एकजना संङगीत कर्मीको सम्मान कार्यक्रम पनि थियो । सम्मानित व्यक्तित्वको परिचय दिने क्रममा परिचयकर्ता संस्कृतिविद वक्ताले हिन्दू र बौद्धहरू एक आपसमा समभाव रहेको अवस्थामा केही वर्ष यता आएर बौद्ध जागरणको नाममा हिन्दू बौद्ध बीच विभेद उत्पन्न हुन गैरहेको मन्तव्य दिए पछि श्रोताहरू माझ खासखुस शुरू भयो । 'शुभकामना आदान प्रदान कार्यक्रममा यो सन्दर्भ रहित कुरा कहाँबाट आयो ?' एकथरी श्रोताले जिज्ञासा राखे । अर्को थरीले अभिमत पोखे– "बौद्धहरू हिन्दूहरूको मठ मन्दिर जाँदै मात्र हिन्दू बौद्धहरूको समभाव रहने सहिष्णु हुने अनि हिन्दूहरू आफैले विष्णुको नवौं अवतार मानिएको बुद्ध धर्मावलम्बीहरूको बौद्ध गोम्बा विहारहरूमा हिन्दूहरू बिर्सेर पनि नपस्दा भने धार्मिक सह-अस्तित्व र धार्मिक सहिष्णुता नतोडिने ? यो कस्तो समभाव ?"

"वास्तवमा यो शुभकामना आदान प्रदान कार्यक्रममा यस्ता मन विझाउने प्रसङ्ग नउठाइदिएको भए हुने तर के गर्ने जान्ने सुन्नेहरू बोल्न पाए पछि के के न बोलें भन्छन् । यस्तैहरू के के जाति हुन्छन् ।" एकजनाले खिन्नता पूर्वक असन्तोष जाहेर गरे ।

सन्तोष र असन्तोषको सिलसिला सँगै कार्यक्रम समापन भयो । चिया खानेले चिया खाए नखानेले शुभकामनाका हातहरू गाँसेर विदा भए ।

विदा भएर जाने केही व्यक्तिहरू गन्तव्य लाग्दा-लाग्दै बाटामा फेरि त्यही प्रसङ्गमा कुरा गर्न थाले । एकजना युवाले प्रसङ्ग कोट्याउँदै भन्यो– "के वास्तवमा मान्छेको सिप, संस्कृति, रहन सहन र जीवन पद्धतीको पहिचान हिन्दू, बौद्ध, ईसाई, मुसलमान आदि इत्यादि हुनुमात्र हो ?"

साथमा जाँदै गरेका एकजना अधवैंशे व्यक्तिले सहजरूपमा आफ्नो अभिमत राख्दै भने– 'होइन ! किमार्थ होइन ।' "होईन भने मान्छेहरू जो आफूलाई बौद्धिक, बुद्धिजिवी, ज्ञानी र प्राज्ञिक के के ठान्छन् किन यस्ता साम्प्रदायिकताबाट ग्रसित छन् ? यिनीहरू हिन्दू बौद्ध मुसलमान, ईसाई जस्ता मान्यताबाट माथि उठेर विशुद्ध मान्छे भएर किन बाँच्न सक्तैनन् ? किन मान्छे भएर कुरा गर्न सक्तैनन् ?" युवाले आफू भित्रको उद्वेग प्रकट गऱ्यो ।

युवाको मनभित्रको उद्वेगलाई बुझेर साथका तेस्रा व्यक्तिले आफ्नो आसय व्यक्त गरे– "हुन सक्छ सायद जसलाई हामी बुद्धिमान्, बुद्धिजिवी, ज्ञानी र प्राज्ञिक सम्झेका छौं तिनीहरूले जीवनको यथार्थतालाई गहिराइसम्म बुझ्न सकेका छैनन् । बौद्धिक तहमा अरुले भनेका सुनेका कुराहरूलाई मात्र व्यक्त गरेर बौद्धिकता र प्राज्ञिकताको निर्वाह गरिरहेका छन् ।"

"यसलाई धेरै हद सत्य मान्न सकिन्छ ।" अधवैंशे मान्छेले तेस्रो मान्छेको अभिमतमा सहमति जनाउँदै भन्यो– "किन भने, जबसम्म मानिसमा 'मिठ्या दृष्टि' रहिरहन्छ समाज, जीवन र जगतलाई हेर्ने आफ्नो संस्कारगत गलत धारणा रहिरहन्छ तबसम्म मान्छे जत्ति बौद्धिक, ज्ञानी र प्राज्ञिक कहलिए पनि उनको मानसले गर्ने सम्पूर्ण काम मिठ्या नै हुन्छ । मान्छेमा सम्यक धारणा (दृष्टि) को विकास नभएसम्म जीवन जगत भ्रम पूर्ण हुन्छ । भ्रम स्वयममा एउटा धोखा हुन्छ । यही धोखा नै दु:ख हो । आफ्नै भ्रमले मान्छे बारम्बार जीवनमा दु:ख पाइरहने हुन्छ । दु:ख भोगीरहने हुन्छ । र मान्छेले आफ्नै भ्रमले बिसाएका दु:ख पीडालाई आफैले बिसाएको अनुभव गर्न नसक्दा अरूले दिएको दु:ख सम्झेर अर्को भ्रम पाल्न पुग्छ, जसले गर्दा मानिस आ-आफैमा विद्वेषपूर्ण जीवन निर्वाह गर्न पुग्छ । यही नै आजको वास्तविकता र यथार्थ हो ।"

एकछिनको मौनता पछि तिनै अधवैंशेले आफ्नो भनाईलाई निरन्तरता दिंदै भने– "वास्तवमा भन्ने हो भने सृष्टिमा मान्छे जातिको दुइवटा मात्र जात हुन्छ स्त्री र पुरूष । यो प्रकृतिले नै बनाएको भिन्नता हो । यो भिन्नतालाई कुनै पनि ज्ञान विज्ञानको चरम पराकास्ताले मेटाउन सक्तैन । यस बाहेक अरू सबै मानव समाजमा देखापरेका भिन्नताहरू भौतिक सामाजिक र राजनैतिक हुन् । यसलाई मान्दामा पनि हुन्छ नमान्दामा पनि हुन्छ । सृष्टि र सिर्जनामा खासै असर पर्दैन ।"



Downloaded from http://www.dhamma.digital

"यो सत्यलाई आजको यस यथार्थपरक भौतिक युगले किन स्वीकार्न चाहेको छैन ?" तेस्रो व्यक्तिले जिज्ञासा राख्यो ।

"भौतिक रूपमा यी कुराहरू प्रष्ट हुन् । सर्व स्वीकार्य पनि छ तर स्वीकार्नु र जीवन व्यवहारमा उतार्नु एउटै कुरा होइन । स्वीकार्नु र जीवन व्यवहारमा उतार्नुमा संस्कार र जीवन पद्तीले ठूलो भूमिका खेलिरहेको हुन्छ । यही संस्कारगत धारणामा परिवर्तन आउन नसक्नाको कारण नै यी सम्पूर्ण बिभेद र दु:खका कारण उत्पन्न हुनु हो ।" आफ्नो कुराको पुस्तिमा अधवैंशे व्यक्तिले एउटा कथा प्रस्तुत गर्दै भने– "अब भनौं ! मानिसले जन्ममा के लिएर आएको हुन्छ ? भौतिक रूपमा अग्नि वायु, पानी र पृथ्वी (ठोस स्वरूप) चार प्रमुख स्वरूप लिएर आएको हुन्छ । चेतसिक रूपमा भन्ने भए उसले आफू भित्र एउटा संस्कार लिएर आएको हुन सक्छ । मानिलिऊँ एउटा शिशु जन्मँदै साल नाल सहित कसैले कतै चौर वा खोलाको किनारमा फालेको हुन्छ । शिशुको मरण लेखेको हुँदैन । शिशु विहिन दयालु कुनै परिवारको काखमा ती नवजात शिशुले शरण पाउँछ । त्यस दयालु परिवार कुनै हिन्दू संस्कारको हुन्छ । आफ्नो हिन्दू संस्कार र बिधिविधान अनुसार त्यो नवजात शिशुको न्वारान देखिको वर्तबन्ध सम्मको संस्कार पूरा हुन्छ । बच्चा हुर्कौंला ३-४ वर्षसम्मको भैसक्छ । हिन्दू संस्कार अनुसारको सम्पूर्ण परिवारिक संस्कारमा उनी हुर्केका हुन्छन् । दैब संयोग एकदिन यात्रामा दैवले उनलाई फेरि दोस्रो पटक ठग्छ । यातुवाहक बस दुर्घटनामा मर्छ । उनका अभिभावक दुबैको (आमा-बाबा) मृत्यु हुन्छ । उनी फेरि दोस्रो पटक अनाथ हुन्छन् । उनको अभिभावकको अनुपस्थितिको कारण उनलाई अनाथालयमा राखिन्छ । अनाथालयमा कुनै विदेशी दम्पत्तिको उनीमाथि आँखा पर्छ । उनीहरूले उक्त अनाथबालकलाई कानुनीरूपमा काख लिन्छन् । विदेशी दम्पत्तिले आफ्नै देशमा उसको लालन पालन गर्छन् । ती बालक विदेशमा ईसाई संस्कारमा हुर्कन्छन्, बढ्छन् पढ्छन् । उनलाई आफू जन्मेको देश, ठाउँ शहरको ज्ञान हुँदैन । उनी उनका अभिभावकका पारिवारिक संस्कारमै रमिरहेका हुन्छन् । उनी लक्का जवान भैसक्छन् । उनका अभिभावकमा अभिभावकीय दायित्व कम भैसकेको हुन्छ । उनी काम र व्यवसायको सिलसिलामा विदेश पुग्छन् । एउटी मुस्लीम युवतीसँग उनको हेम प्रेम हुन्छ । मुस्लीम युवती सँगमात्र होइन मुस्लिम समाजसँगै पनि उनको आकर्षण बढ्न थाल्छ । मुस्लिम युवतीसँग उनको विवाह हुन्छ । केही वर्षका वैवाहिक जीवन उनले सन्तुष्टी पूर्वक बिताई रहेका हुन्छन् । यहाँ पनि एउटा दुर्घटनाले उसलाई पछ्याउन छोड्दैन । आफ्नै गाडी दुर्घटनामा उनकी श्रीमतीको देहावसान हुन्छ । उनी येनकेन बाँच्न पुग्छन् । जीवनमा घटीत असीम दुर्घटनाका कारण जीवन प्रतिको उनको मोह भङ्ग हुन्छ । उनी जीवन मुक्तिमा लालायित हुन्छन् । जीवन्को यही दुर्गतीको क्षण उनी एशियाका पूर्वि देशहरूको भ्रमणमा निस्कन्छन् । भ्रमणको क्रममा बौद्ध भिक्षुहरूको सम्पर्कमा आई साधना मार्गमा जुट्छन् । यही साधनाबाटै उनले जीवनमा सुखको बाटो अनुभव गर्न पुग्छन् । अन्तत्वगत्वा उनी भिक्षु भएर निर्मलता पूर्वक बाँकी जीवन बिताउन उद्दत रहन्छन् ।"

यस परिवेश र कथाबाट यथार्थरूपमा हामी के अनुमान र अनुभव गर्न सक्छौं भने हिन्दूबौद्ध, ईसाइ, जैन, मुसलमान आदि ईत्यादि भन्नु र भनिनु जीवन प्रवाहमा आइलागेका किनाराहरूमात्र हुन् । प्रवाह त आफै भित्र निहित र निम्रित सचेतना हो । यही सचेतनालाई जस्ले आत्मसात गर्न सक्छ, सही यथार्थ रूपमा जसले बुझ्न सक्छ र ग्रहण गर्न सक्छ, त्यही नै सम्यक दृष्टि वान (सत्य कुरा सहीरूपमा पहिचान गर्न सक्ने) को रूपमा पहिचान गराउन सक्छ । सही अर्थमा उही पूर्णरूपमा मानव वा मान्छे कहलाउन सक्छ । अन्यथा अरू सबै भ्रमै भ्रमको खेती गरेर भ्रममै जन्मेर भ्रममै बिनाश भएर जाने बौद्धिक, प्राज्ञिक र ज्ञानी प्राणीभाव हुन् । मलाई त यस्तै लाग्छ ।"

अधवैंशेको यस भनाई सँगसँगै गन्तव्य छुत्तिने ठाऊँ पनि आइपुगेको हुँदा अधवैंशे एकातिर र अर्का २ जना अर्को बाटो लागे ।

■

साक्षात्कार गर्ने चार तरिकाहरू अर्थात् चार साक्षात्करणीय धर्महरू यसरी छन्– १) पूर्वजन्मको साक्षात्कार स्मृति (स्मरण) २) जन्म मरणको साक्षात्कार आँखाबाट ३) आठ विमोक्ष (दि. ५६६) को साक्षात्कार शरीरबाट ४) आश्रव क्षयको साक्षात्कार प्रज्ञाबाट ।



Downloaded from http://www.dhamma.digital

# मैत्री केन्द्र बाल आश्रमभित्र रमाएका बालिकाहरू

*मोहन दुवाल, बनेपा*



*ध्यानकुटी बाल आश्रमका बालिकाहरू एकरूपीय पोशाकमा*

बनेपा प्राचीन नगर हो । यहाँ लायकु दरवार पनि रहेको थियो; नेवार राजाहरूका राज्य नगरकै रूपमा परिचित बनेपामा आजकल दरवारको अवशेष पनि पुरिँदैछन् । जस्को चासो राख्ने काममात्र भएनन् इतिहाससम्म पनि स्मरण गर्ने कार्यहरू गर्न सकेनन् । यहाँको यस खालको नियतिले बनेपालाई खोक्रो बनाउन भरथेक पुऱ्याउँदैछन् । बाहिरबाट झुलुक्क हेरिँदा सुन्दर तथा प्रदुषणरहित नगरका रूपमा प्रख्यात नगरमा बौद्धिक अभ्यासहरू र रचनात्मक कार्यहरू कम हुने गर्छन् । सतहीमा योजना बनाउन सबल हुनेहरू उद्देश्यरहित आफ्ना फोटोहरू स्मारिका, पत्र-पत्रिकामा छाप्न रमाउँछन् । रचनात्मक कार्यहरू गर्न खोज्नेहरूलाई र बौद्धिक अभ्यास गर्न रूचाउनेहरूलाई खिस्सीट्युरी गर्न रूचाउँछन् । यही यहाँको नियति हो । तर बाहिरबाट बनेपा धाउनेहरूले यस मलिलो माटोमा फूलहरू रोप्न मन पराउँछन् । यस्तै रोजाइ मनमा राखेर मैत्री केन्द्र (Metta Center) नेपालले काठमाडौंदेखि बनेपा आएर सेवा गर्ने उद्देश्य देखाएका छन् ।

Metta Center अर्थात् मैत्री केन्द्रका नाममा स्थापित संस्थाका हालसम्म भएगरेका कार्यहरूको सुन्दर ढङ्गको कार्य हो अनाथ आश्रमको सिर्जना । बनेपास्थित ध्यानकुटी विहारमा सञ्चालित भइरहेको अनाथ आश्रममा हाल १० जना बाल-बालिकाहरू बसोबास गर्छन् । यही आश्रमअन्तर्गत् रहेर विद्यालयमा पढ्न जान्छ र शील-ज्ञान सिकेर जीवनपथमा लम्कन सिकिरहेका छन् । Pepole for people जनताका निम्ति जनता Metta उद्देश्य चिठ्ठीको प्याडमा राखेर समाजसेवा गर्न रूचाएका बुद्धधर्मबाट प्रभावित तथा बुद्धधर्मकै अनुयायीहरूबाट संस्थापित यस संस्थामार्फत् निसहाय जनमनको सेवा गर्ने उद्देश्य राखेका छन् । विगत २०५७ साल असार २८ गते काठमाडौं जिल्ला कार्यालयमा दर्ता भएको यस संस्थाबाट पहिलोचोटी ध्यानकुटी बाल आश्रमको शुभारम्भ २०५७ साल साउन २८ गतेदेखि गरेर देखाएका छन् । अश्वघोष भन्ते संरक्षक तथा धम्मवती गुरूमाँ सल्लाहकार रहेको यस संस्थाका अध्यक्ष पियरत्न महर्जन र सचिवमा वीरेन्द्र श्रेष्ठ कार्यरत छन् ।

ध्यानकुटी बाल आश्रममा १० जना बालिकाहरू अध्ययनरत छन् । निसहाय बालिकाहरूका रूपमा यी बालिकाहरू यहाँ संरक्षित रहेका छन् । यी बालिकाहरू ध्यानकुटी विहारअन्तर्गत् रहेर ध्यानकुटी विहारमा नै बसोबास गर्छन् । यी बालिकाहरू आश्रमले व्यवस्था मिलाइएअनुसार शिक्षा सदन मा.वि.मा अध्ययनरत छन् । हालसम्मको व्यवस्थापनमा सिकायतहरू देख्न पाइएका छैनन् । यहाँ अध्ययनरत बालिकाहरू विकास र प्रगतिमा रम्न पाएका छन् । यिनीरू ध्यान गर्छन्, बुद्धका शील सिकेर आफ्नो चरित्र बनाउँछन्, विद्यालयमा पनि अरूलेभन्दा बढी ध्यान दिएर पढ्छन् । यी बालिकाहरू हैसियत सिकेर आफूलाई सक्षम तुल्याउन खोज्दै छन् । यस्को श्रेय मैत्री केन्द्रलाई दिन सकिन्छ ।

विपन्न र निमुखा परिवारका असहाय बालबालिका, युवायुवतीहरूलाई पढाइको निम्ति संस्थाको क्षमताअनुसार सहयोग गर्ने संस्थाको प्रमुख उद्देश्य राखेकोले यस संस्थामार्फत् विपन्न र निमुखा परिवारका असहाय बालबालिकाहरूलाई प्राथमिक आवश्यकताहरू परिपूर्ति गराइदिन तल्लीन भएर लागेका देखिन्छन् । मैत्री केन्द्रको विशेष सहयोगमा, भन्तेहरूको ज्ञान र शिक्षामा आफूलाई जीवनका उत्सर्गहरूमा मर्म-मर्म फाल्न पाएका यी

बालिकाहरू संरक्षण पाएर मख्ख छन् र दृढ पनि देखिन्छन्। काभ्रेका-४ जना, काठमाडौंका-१ जना, भक्तपुर-१, ठिमीका-१ जना र ललितपुरका-१ र बलम्बुका-२ जना गरी १० बालिकाहरू संरक्षित यस आश्रममा कक्षा २ देखि कक्षा ८ सम्म पढ्दै गरेका विद्यार्थीहरू बसोबास गर्छन्। सुशील देखिन्छन् यिनीहरू। नम्र र भद्र व्यवहार देखाउँछन् यिनीरू। मिल्न जानेका छन् यिनीहरू।

बनेपा वडा नं. ४ स्थित ध्यानकुटी बिहारमा रमाउँदै बसेका यी बालिकाहरूलाई मैले भेट्न पाएको छु। राहुल भन्ते यिनीहरूको आश्रमका गुरू हुन्। सिक्दै गरेका छन् यिनीहरू। भिक्षु अश्वघोषका ज्ञान सिक्छन्। धम्मवती गुरूमाँका कथा सुन्छन्। थुप्रै बुद्धमार्गीहरूबाट शील सिक्छन् । यस्तै-यस्तैमा जीवनकार्यक्रमहरू गुजारेका यिनीहरू आफ्नो अनुभव आ-आफ्नो ढङ्गले बताउन सफल छिन् । बनेपाकी विनीता बादे श्रेष्ठ कक्षा-७ मा अध्ययनरत छन् । उनी आफ्नो अनुभव यसरी बताउने गर्छिन्-मलाई बौद्ध मान्छेहरूकै साँच्चिकै गुरूजस्तो लाग्छ । मैले यहाँ बसेर बुद्ध के हो बुझ्न पाएँ– मलाई सन्तुष्ट लाग्छ । कक्षा ८ पढ्दै गरेकी भक्तपुरकी रेणु त्वायना खुशी व्यक्त गर्छिन्- बुद्ध धर्मको शिक्षा राम्रो लाग्यो। हिंसा नगर्ने, असत्य नबोल्ने, खराब काम नगर्ने खालका शिक्षा दिने यो धर्म मलाई राम्रो लाग्यो। मैले यहाँ बसेर धेरै कुराहरू सिक्न पाएँ। यस्तै अनुभव शर्मिला श्रेष्ठ, कोटेश्वरकीले सुनाउँदै भनिन्-म कक्षा ४ मा पढ्दै गरेकी छु यस आश्रममा बस्न पाएको छु। यहाँबाट मैले घरमा भन्दा राम्रो ज्ञान पाएको छु। त्यसैले म सन्तुष्ट छु। ढुङ्खर्ककी मैयाँ मगर कक्षा ४ मा पढ्छिन् । उनको आफ्नै खालको अनुभव छ । आश्रममा रहेका साथीरू सबैजसो नेवारहरू रहेको भएतापनि आफूलाई केही अप्ठ्यारो नभएको कुरोमा खुशी व्यक्त गर्दै उनी भन्छिन्-सबै मेरा साथीहरू अति मिलनसार छन्। नेवारहरूको हूलमा रहेर पनि मलाई आफ्नै हूलजस्तो लाग्यो। कक्षा ५ मा अध्ययन गर्देरहेकी बनेपाकी सुनिता मानन्धर आफ्नो अनुभव यसरी सुनाउँछिन्-घरमा र आश्रममा धेरै फरक देखें । यहाँ बसेर धेरै शिक्षादीक्षा पाएँ । मेरो सोचमा परिवर्तन आयो । जमुना महर्जन बलम्बुको घर छोडेर आएकी बालिका जो कक्षा ४ मा अध्ययनरत छिन् प्रफुल्लित हुँदै भन्छिन्– म धेरै प्रभावित भएँ। म पनि ठूलो भएपछि गुरूमाँ बन्छु । बुद्ध धर्मको सेवा गर्छु । कक्षा ३ पढ्दै गरेकी ठिमीकी बसन्ती रंजितकारले आश्रममा बसेर कहिल्यै पीडाबोध नभएको आफ्नो मनको कुरा फुकाउँछिन् । जमुना जस्तै गंगा महर्जनले पनि आफू सन्तुष्ट रहेको, हाल कक्षा ४ मा अध्ययनरत रहेर बुद्धको ज्ञान सिक्दै गरेकोमा सन्तुष्ट रहेको बताइन्। नमोतस्स भगवतो गर्दै दिनचर्या शुरू गर्न पाएका; बुद्धको शिक्षा सिक्न पाएकोमा दङ्ग छिन् । कक्षा ५ पढ्दै गरेकी बनेपाकी रस्मिता मानन्धर यहाँबाट प्राप्त शिक्षादीक्षाले आफूलाई समाजसेवा गर्ने प्रेरणा मिलेकोमा प्रफुल्लित छिन् र त उनी भनिन्छन्- समाजसेवा गर्ने इच्छा छ मेरो, यो ज्ञान मैले यसै आश्रमबाट सिकेको हुँ। बनेपाकी अनिता बादे श्रेष्ठ यस आश्रमका सबभन्दा सानी बालिका हुन् जो कक्षा २ मा पढ्छिन्-लहनाले जुराई दियो । जिन्दगानी दर्पण छाँया गीत गाउँदै आफू यहाँ रहन पाएर खुशी छु भन्छिन्।

मलाई धेरै खुशी लाग्यो । बनेपाको ज्यादै अप्ठ्यारो ठाउँ जहाँ मलमूत्र फाल्छन्, बहुला कुकुरहरू घुम्छन्, अप्ठ्यारा मान्छेहरू बाटो ढुक्छन् त्यस्ता ठाउँमा असहायहरूका धेरै खालका आश्रम र विद्यालयहरू खुलेका छन्। यसैक्षेत्रमा वृद्धाश्रम, अपाङ्ग बहिराहरूको भवन, सुस्त मनस्थिति स्कूललगायत् अनाथालयहरूकै आश्रम बन्यो। भूमि पवित्र भयो। अचेल यतातिर मलमूत्र फाल्दैन । बहुला कुकुरहरू भुक्दैनन् । अप्ठ्यारो मान्छेहरू बाटो ढुकेर फोहर बोल्दैन । धेरै सप्ठ्यारो ठाउँ पो बन्यो। सहारा नहुनेहरूको सुन्दर ठाउँ बन्यो। बनेपाकै लागि अति उपयोगी क्षेत्र र भूमि भयो । ध्यानकुटी विहार बनेपछि यस्तै खालका विकास थपिँदै गयो । बरोबर समारोहहरू हुन्छन्। ठाउँ-ठाउँका भद्र-भलाद्मीहरू यस ठाउँमा पुग्छन्। मित्रवत् व्यवहार गर्न रूचाउने विदेशीहरू पनि यस क्षेत्रमा धाउँछन् । थुप्रै खालका, थुप्रै क्षेत्रका र थुप्रै ठाउँका सहयोग प्राप्त भएर सुन्दर ठाउँ बनेको यस क्षेत्रमा भन्ते अश्वघोषको पसिना र बौद्धिकता खर्च भएका छन्।

ध्यानकुटी विहारमा थुप्रै खालका कार्यक्रमहरू हुन्छन् तर यस खालको आश्रम खुलेको यहाँ यो पहिलोपल्ट हो । अश्वघोष भन्तेको चाहना र सहयोग

गर्ने मैत्री केन्द्रको तत्परताबाट सिर्जना भयो यो आश्रम। मैत्री केन्द्र बाल आश्रम यो पछिल्लोपल्ट दिइएको नाम हो। यसको भवन निर्माण हुँदैछ। एक तल्ला ढलान भइसकेको छ। पछिल्लो तल्लाको हल बनाउन जापान निवासी योसिबा नन्बाले रु. १,१५०००।- सहयोग गरेका छन्। मैत्री केन्द्र बाल आश्रमले अवश्य सफलताको चुली चुम्नेछ। यहाँ अध्ययनरत बालिकाहरूले भोलि इतिहासमा आ-आफ्नो गन्तव्य खोज्दै आफूलाई चिनाउनेछन्। सुन्दर भावना बोकेर स्थापित यस आश्रममा बालिकाहरूले अतिरिक्त ज्ञान पनि पाइरहेका छन्। यहाँ जापानीभाषा सिकाइका साथै कम्प्युटरको साधारण ज्ञान, ठाउँ-ठाउँको शैक्षिक भ्रमण, आध्यात्मिक ज्ञानमा बौद्ध परियत्तिका ज्ञानहरू, कागजका हस्तकार्यहरू, अलौकिक शक्तिद्वारा रोग निवारण गर्ने प्रविधि सिकाउने कार्यक्रमहरू पनि संचालित भएको देखिन्छ।

मैत्री केन्द्र बाल आश्रममार्फत् संरक्षण प्राप्त गर्दै शिक्षा प्राप्त गरिरहेका बालिकाहरूको भविष्य सुरक्षित होस् भन्नाखातिर सबैले आ-आफ्नो क्षेत्रबाट सहयोग गरिदिनुपर्ने देखिन्छ। नगरपालिकालगायत् नागरिक-समाज सबै पक्षहरूका सामाजिक चेतना प्राप्त समूहहरूबाट यस क्षेत्रमा सहयोग भइदिनु पर्छ। यसको प्रगतिमा नयाँ-नयाँ आयामहरू खुल्दै जाओस्। मानवीय भावना विकास गर्नका लागि शान्तिको आवश्यक हुन्छ। सद्भाव नभइकन शान्तिको बाटो खुल्दैन। यस्तै भावनामा खुलेको ध्यानकुटी बिहारभित्र मैत्री केन्द्रको सहयोगबाट बाल आश्रम खुलेका छन्। उनको लक्ष्य फलोस्, फुलोस्। ■

## पुसा ल्यंके मते

✍ एस. के. श्रेष्ठ

पुसा ल्यंके मते मानव, लिसा काय् मते।
न्ह्यागु कर्म यासाँ मानव, लय् ताय् मते॥
न्ह्यच्व लिच्व फुकाहे छ्व, ज्वं जुयु मते॥
चाय् मध्यने वं बुकाहे छ्व, पुसा पी मते॥

होश तया च्वने सयकी, चिन्ता काय् मते।
जन्म जन्म दुःख सीगु कुतः याय् मते॥
भिंगु दक्वं म्हिचाय् तयेनु, स्यंगु ल्येमते।
मोह जालं भुतु भुनी तःक्यने मते॥

चित्त स्वया न्ह्यावलें चायकी मात जुयु मते।
हागः लिसें ध्यना छुवेनु क्लेश ल्यंके मते॥
आर्य अष्टांगिक मार्गे वने लोंमके मते।
प्रज्ञा जायका सुखं च्वनेनु दुःखं च्वनेमते॥

जीवने थ्व मिथ्या दृष्टि लाका च्वनेमते।
हानं हानं गन कावने म्वाथाय् फुकेमते॥
जीवन थःगु हे खः पा सुयातं याय्मते।
थौंया समय कने बैला ? आसे धाय् मते॥

## बुलन्द हृदयघोष

✍ सामणेर उत्तम
(अरविन्द कौसल्यान)

थिना जाज्वल्यमानं च्वंगु मतः जः,
छचाखेरं सिवाय क्वसं स्वयम्।
जि नं च्वनच्वनागु अयसां,
मखः जित व जः या किपालु भति।
आशां ह्वयेका तया व ऋतु वसन्तयू,
ह्वइथें ताया आदित्यजःलं व स्वाँ छ्यवः॥

निप्वाः मतः ल्वाकेवं च्यानाच्वंगु,
हवाराक्क सालिगु थें वयात,
मनयात नं साला वं,
ब्वयेका अनन्त दूर सर्ग न्यंकनं।
चिना हृदयं हृदय यात,
साला अन्त्यहीन गन्तव्य।

प्रदिप्त निभाःया सतले वर्षा,
थिना जः जुया इन्द्रेणी किपाः,
किपाः थ्व नुगःले नं,
वइगु खनेदया च्वन वइगु।
तिमिला थ्यथें व सर्गय,
थ्व नुगःले खिमिला चिला।



Downloaded from http://www.dhamma.digital

**अप्रकाशित तथागत महाकाव्यबाट धारावाहिक प्रकाशित हुने (सम्पादक)**

# प्रतिपदा–५

भूषण शर्मा हुमागाई

आदेश उनको क्षणमा नफाली,
रोकी सबै लश्कर भार डोली ।
चाँडै मिलाई जलको सुविस्ता,
काट्ने भयो निश्चय रात यौटा ॥
-१८०-

दासादि सेनाकन ती खटाई,
पक्का गरी तम्बु सबै लगाई ।
तादाद त्यो लुम्बिनिमा बिसायो,
आशा कसैमा अब एक छायो ॥
-१८१-

के हो कसो हो कति चाह गर्थे,
थाहा नमिल्दा अनि छक्क पर्थे ।
जस्तै परे तापनि रात काटी,
बस्नै परेको छ त नीद साटी ॥
-१८२-

रानी असर्दी वनबीच आज,
हावा वसन्ती रमणीय साँझ ।
धाई सुसारे मुख लाल पार्थे,
हाँस्थे रमाई डर लाज मान्थे ॥
-१८३-

आज्ञा गरी घुम्न तयार रानी,
दृश्यादि थे सुन्दर रूप खानी ।
हेर्दै रमाइन् अमरावतीको,
आलोक दैवी युवती धराको ॥
-१८४-

घेरी सुसारे सब यत्नसाथ,
थेग्दै हतेर्थे सब माथ गाथ ।
आहा ! मुहानी सुखको उदायो,
भारी खुशीमा जग चल्मलायो ॥
-१८५-

व्यूँझी उठे झैं सब झल्मलाई,
प्राकृत्य दृश्यादि अपूर्व पाई ।
रोकी हठात् चित्त र पाउलाई,
आनन्द मानिन् जग स्वर्ग पाई ॥
-१८६-

मुग्धा बनी ती नभ दृश्य हेर्दी,
नाना कुरा ली मनबीच खेल्दी ।
दासी सुसारे सब छक्क पर्थे,
हल्ला नहोस् ती पग सुस्त गर्थे ॥
-१८७-

–(स्रग्विणी)–

घाम अस्ताउँदै जून ती देखिए,
धूनमा ती चरा नीडमा फर्किए ।
लाजको लालिमा स्वर्ग झैं सिर्जिए,
चाँदनी जूनको फूल भै वर्षिए ॥
-१८८-

देखिइन् चन्द्रमा चाँदनी झल्मल,
ज्यात्सना पोखिँदा मेदिनी शीतल ।
छोईंदा पातमा देखियो मखमल,
तालका वारिमा ढल्पली निर्मल ॥
-१८९-

कीटका धूनले आरती सिर्जियो,
बाँसका झाडमा किर्किरी किर्किरी ।
वासमा पस्दछन् दुःख बिर्सी सबै,
नीदका गोदमा स्वप्न साट्न भनी ॥
-१९०-

साँझमा कीट ती धूनमा गाउँथे,
कानमा ती सबै मोहनी लाउँथे ।
यी सबैमा सुसङ्गीत घोली नयाँ,
गीत औ रङ्गको चल्छ होली यहाँ ॥
-१९१-

बथैं पला रम्नका निम्तिमा ती सबै,
मेदिनी काखमा ठाउँ हेरी कुनै ।
ती बसे धीर भै साँझका दृश्यमा,
ली सबै मौनता मुग्धता चित्तमा ॥
-१९२-

मन्द हावा थियो गाथमा सिर्सिर,
पोखिई भूईंमा जून थ्यो टल्बल ।
किर्किरी किर्किरी कीटको किर्किर,
पात पँखा दिने फिर्फिरी फिर्फिर ॥
-१९३-

सुक्ख आसन् लिई धैर्य रानी थिइन्,
बन्द आँखा गरी मौन रानी भइन् ।
चूप थे धाइ ती भन्नु नै के थियो,
जे हुने भैगयो श्वास त्यो रोकियो ॥
-१९४-

सास रोकी सुसारे सबै घेर्दथे,
ध्यानकी मूर्ति ती ज्योतिमा हेर्दथे ।
सानले यौटिले भन्दिई सत्यता,
मस्त भै झुम्दथे ती सबै हर्षमा ॥
-१९५-

षोडषी लाजले तोय भै पोखिए,
प्रौढ ती त्रास औ हर्षले फैलिए ।
कष्ट आभाष झैं राजकान्ताविषे,
यै बुझी धाई ती साथका घेर्दथे ॥
-१९६-

आजको रातले पूर्णिमा जून ली,
आएको थ्यो थपी हर्षको दो घडी ॥
नर्तकी फूल ती नृत्य ली स्वर्गको,
राग औ तालमा वाद्य गन्धर्वको ॥
-१९७-

–(द्रुतविलम्वित)–

सुखद मन्त्र सबैतिर पोखियो,
तरुलता वन कुञ्ज भुईं भरी ।
मनन सूक्ष्म मिहीन हुने गरी,
र अघि बढ्छ कथा नव माधुरी ॥
-१९८-

## द्वितीया

–(स्रग्विणी)–

खोलदा नेत्र रानी सबै देख्दछिन्,
मौनता तोडदै सेविका डाक्दछिन् ।
"लौ सबै फर्कियौं पालमा बेर भो,
रातको शून्यता बढ्न गो हे यो ॥
-१-

मौन बन्दै गए कीट ती कर्करि,
बेर धेरै भयो शान्तिको आशामा ।
चन्द्रको चाँदनी शीत बन्दै गयो,
हेर बढ्दै गयो, शार्वरी शासन ॥"
-२-

शब्दमा प्रेमको माधुरी छल्कियो,
प्राणको बिन्दुमा प्रेरणा झल्कियो ।
पीढिको प्राप्तिको वेदना सल्कियो,
रुखको आडमा जून त्यो टल्कियो ॥
-३-

कष्ट उठ्दै गयो देह गल्दै गयो,
आह फुट्दै गयो भीति बढ्दै गयो ।
गर्भको देहले जन्मिनै पर्दथ्यो,
वास्तवी सत्य त्यो पीर गाह्रो थियो ॥
उठ्थिन्, बस्दथिन् धैर्यता भुल्दथिन्,
छट्पटी बढ्दथ्यो पीरले दुख्दथिन् ।
कष्ट ज्यादै हुँदा दर्दले रुँदथिन्,
तन्किई बस्दथिन् ठस्ठसी कन्दथिन् ॥
-५-



Downloaded from http://www.dhamma.digital

षोडषी डर्दथे के भयो लौ भनी,
के थहा सत्यता के छ यो वास्तवी ?
जान्दछन् मातृ ती वेदना जो सहयो,
के थहा षोडषी ! वास्तवी के छ यो ?
-६-
आत्मसन्तुष्टिको भावले तेजिली,
जन्मको सार्थता भावले गर्विली ।
दिव्य आनन्दको वेदना देहमा
बढ्दथ्यो, सेविका गर्दथे कामना ॥
-७-
षोडषी कल्पना गर्दथे, काँप्दथे,
के गरी कष्ट यो पार हो पाउने ।
सोच्दथे डर्दथे चाहना मार्दथे,
देख्दथे दर्द त्यो छक्क ती पर्दथे ॥
-८-
दिव्य आनन्दको वेदना दैहिक,
के थहा षोडषी जो मजा मिल्दछ ।
पीर यै जातिको पूर्णता गर्दछ,
स्नेहको बीच यो पीढिमा सर्दछ ॥
-९-
शालको फेदको बासमा रातमा,
श्वेत त्यो पालमा सेविका साथमा;
रात त्यो बित्दथ्यो दिव्य आनन्दमा,
रात औ प्रातको सन्धिका कालमा ॥
-१०-
पूर्व आभाष ली शान्तिका मन्त्रको,
ज्योतिमा ज्योति भै बालकै जन्मिए !
दीप्ति ली सूर्यको बालकै जन्मिए,
पूर्णिमा प्रातमा ज्योत भै जन्मिए ॥
-११-
भोलिका प्रेमदा ती खुले घाममा ।
देवता ओर्लिए यो धरा धाममा ।
माधुरी सोरले प्रात नै घन्किए,
स्वर्गका दूतले फूलले पर्सिए !!
-१२-
दिव्य आनन्द यो हम्कियो झूलले,
वायुको मन्दता गम्कियो फूलले;
पुष्पको वृष्टि भो हर्षको मूलले,
प्रातको जूनले पर्सियो फूलले ॥
-१३-
लालिमा सिर्जियो मेदिनी भालमा,
कामना वर्षियो त्यो उषाकालमा ।
एउटा खल्बली फैलियो पालमा,
हर्षको पौल भो कुन्जको बासमा ॥
-१४-
के कसो गर्नु लौ काम के हो कता
भन्दथे हेर्दथे क्वै यता औ उता
खोज पानी कुनै जोर आयो कुनै,
पथ्य पार्ने कुनै गाथ थाम्ने कुनै ॥
-१५-
शान्त रानी थिइन् पासमा रत्न ली,
चिम्म पारी दुवै तुष्टिमा नेत्र ती,
बाँच्न पाइन् पुगी मृत्युको साँधमा,
भाग्य ठूलो हुँदो पुत्र भो साथको ॥
-१६-
पीरमा चर्किंदा लस्त भो देह त्यो,
चाह त्यो आह भै वेदना उठ्दथ्यो ।
प्रातको वायु त्यो पथ्य झैं शीतल
बन्दथ्यो, पङ्ख भै चल्दथ्यो हर्हर ॥
-१७-
मातृता आफ्नो ठान्दछन् सार्थक,
कष्ट भै स्त्री उनै पाउँछन् बालक ।
दूधको धार दी सिँच्दछन् ती जब,
आफ्नो जन्मको गर्दछन् गौरव ॥
-१८-
चेहरा फुल्दथ्यो छेउमा बालक,
मातृता पूर्णता गर्दिने कारक ।
चेहरा बालको फूल झैं कोमल,
शान्त थ्यो सौम्य थ्यो वास झैं ईश्वर ॥
-१९-
कोल्टिई छेउका बालको ओंठमा,
राखिदिन्छिन् उनी दूधको चूचुक ।
कुत्कुतिन्छिन् उनी स्नेहले गर्विली,
ओंठले छोईंदा फूल झैं कोमल ॥
-२०-
पर्खिए सेविकाले यता धैर्य ली,
मेघको कुण्डमा झुक्किए सूर्य ती ।
पर्खनै पर्दथ्यो सूर्यको ज्योति त्यो,
शौर्यको ख्यातिको प्राणदा कोटिको ॥
-२१-
तालको पानीमा सूर्यको रश्मि त्यो,
पोखिँदा धोइई बन्दथ्यो निर्मल ।
प्रातको वायुले जीवनी छर्कंदा,
जाग्दथे वनय प्राणी सदा सर्वदा ॥
-२२-
ली हिँडे मातृले रत्न ती स्नानमा,
पुष्करीणी सफा कुण्डको स्थानमा ।
पोखिँदा खेल्दथे विन्दु ती भालमा,
धोइँदै बग्दथे मिल्दथे छालमा ॥
-२३-
देवको शक्ति थ्यो ब्रह्म चारै पुगे,
जन्मने बित्तिकै सात फड्का हिँडे ।
सात पाऊभरी पद्मफूल् देखिए,
रोकिई देवले वाक्य केही भने– ॥
-२४-
"अग्गो हमस्मि लोकस्स:
जेट्ठो हमस्मि लोकस्स:
सेट्ठो हमस्मि लोकस्स:
अयमन्तिमा जाति
नत्थि दानि पुनब्भवो:"
-२५-
**–(तोटक)–**
ममता सिँच्दै सब भोग भुली,
जननी कसरी जग जन्म लियौ ?
तन जीर्ण गराइ बडो दुख ली,
शिशु खातिर जीवन अर्पिदियौ ॥
-२६-
गरि पीर प्रजा नृप छेउ गई,
मनका भयभाव बताइ सबै ।
लिन जान भनी कर जोर गरी,
बिनती गरछिन् नत शीर गरी ॥
-२७-
अब राजनको पिरले मनमा,
घर गर्छु ठूलो गमदै पथमा;
टहली रहँदा वनमा सहसा,
तब घोडचढी दगुरी गतिमा ॥
-२८-
डर-धार उठी तरवार भयो,
मनमा अझ भार सवार भयो;
तब घोडसवार समीप भयो,
अनुहार पढी मन ढुक्क भयो ॥
-२९-
मन बादल थ्यो अब घाम भयो,
मन सागर थ्यो अब छाल भयो ।
डर भाव उडी छतछुल्ल भयो,
नव आश उठी मन घाम भयो ॥
-३०-
अनि आइ अडी झुकदै नृपमा
जयकार गरी अडियो क्षणमा ।
"भन भाइ तिमी कति काम लिई-
कन आइगयौ ?" भनछन् नृपति,
लहराहरूको लघु आड लिई ॥
-३१-
क्रमश:......

*आयोजक–*

नयाँ अनुहारका साथीहरू थुप्रै देखिएको छ नि आज त । यहाँहरूको नयाँ जिज्ञासाहरू होला नि सुनी हालौं न ।

*सहभागी–*

हो हामी त नयाँ नै पऱ्यौं । विहारहरूमा जाने बानी छैन हाम्रो । त्यसैले हामीहरूको प्रश्न सुनेपछि तपाइँहरूले हामी नयाँ सहभागी भएको कुरा त्यसै थाहा पाउनु हुनेछ । हामीहरू मध्ये कोही त भिक्षुहरू बस्ने विहारमा जाने पनि गर्छौं । त्यसैले हामीलाई थाहा छ भिक्षुहरूले दिउँसो १२ बजे पछि अर्थात् बेटाइममा भोजन गर्नु हुन्न भनेर । तर यो नियम किन बनियो कारण भने थाहा भएन । यही प्रश्न सोध्न मन लागिरहेको छ हामीलाई त आज । यसको तात्पर्य के होला ?

*आयोजक–*

प्रश्न त राम्रो पनि छ थाहा पाई राख्नु पर्ने विषय नै हो यो । धार्मिक विषय नै पऱ्यो । वास्तवमा यो नियम भिक्षु जीवनको शुरुवातमा (प्रारम्भमा) बनाइएको थिएन । पहिला पहिला त भिक्षुहरूले राती अर्थात् दिउँसोको १२ बजे पछि पनि भोजन गर्न हुन्थ्यो । यसमा कुनै रोकटोक थिएन । यो कुरो मज्झिम निकायको भद्दालि सूत्रबाट थाहा पाउन सकिन्छ । त्यस सूत्र अनुसार गौतम बुद्धले भिक्षुहरू जम्मा गरी भन्नु भएको थियो- हे भिक्षुहरू ! हाल मैले एक छाक अथवा एक पटक मात्र खाना खाने गरेको छु । मैले राती खाना खाने गरेको छैन । यसले गर्दा पेट हलुका भई स्वास्थ्य राम्रो हुन्छ । पेट गडबड हुने गर्दैन । अपच पनि हुँदैन । त्यसैले तिमीहरूले पनि विकाल (राती, वेलुका) खाना खाने नगर्नु । यो नियम यसपछि प्रचलनमा आयो ।

तर पछि भिक्षुहरू विरामी परियो । बिरामी परेको बेला बेलुकी पख पनि औषधी सेवन गर्नै पर्ने अवस्था आईपर्दा "गिलानस्स अनापत्ति" अर्थात् विरामी पर्दा विकाल भोजन खाए पनि आपत्ति छैन भनी उपनियम बनाउनु भयो । विकाल भोजन गर्नुलाई पाप कार्यको रूपमा लिइएन । आपत्ति मात्र लाग्ने रूपमा लिइयो । पछि हुँदा हुँदा भिक्षु जीवनमा पनि थुप्रै परिश्रम गर्नुपर्ने अवस्था आइपर्दा वा ग्रन्थधूर भई जीवन विताउनु पर्ने भिक्षुहरूलाई खाना खाएपनि आपत्ति छैन भन्ने नियम बनाइयो ।

आजभोली त बाह्र बजेपछि खाना खान नहुने नियम युरोपिय देशहरूमा सञ्चालन हुने सम्मेलनहरूमा भाग लिन जाँदा अव्यवहारिक नै देखिएको छ । किनभने त्यहाँ त अपरान्हको २ बजे तिर मात्र खान खान दिइन्छ । उनीहरूको खाना खाने समय नै त्यही बेला रहेछ के गर्नु ? यस अर्थमा त्यहाँको लागि यो समयमा खाना खानुलाई विकाल भोजन भन्न मिलेन ।

महायानी भिक्षुहरूको समूहमा पनि राती खान मिल्ने गरी सार्वजनिक रूपमा नियम बनिसक्यो । थेरवादी भिक्षुहरूको समूहमा मात्र दिउँसो १२ बजे पछि खान नहुने नियम भएको कारणले खाना खानै परेमा खुलेआम खान नमिल्ने हुनाले लुकी लुकी खाने गर्छन् । तर धेरैजसो भिक्षुहरूले आज्ञाकारी बनी रातीको खाना त्यागि दिए ।

तर भद्दालि नाम गरेको एक भिक्षुले भन्न थाल्यो– "भन्ते शास्ता ! म त विकाल भोजन नगर्ने नियम पालन गर्न असमर्थ छु । राती खान पाएन भने म त बाँच्नै सक्दिन भनी रिसाएर अन्तै गए ।

गौतम बुद्धले यो नियम बनाउनुको तात्पर्य धेरै जसो भिक्षुहरूले दिनको दुई तीन पटक अर्थात् राती पनि खाना खाएर अल्छी बनी सुतेर बिताउँथ्यो । भिक्षाटन गएर खानु पर्ने भिक्षुहरू ध्यान भावना गर्दा गर्दै भोक लाग्यो भने पिण्डपात्र बोकी राती पनि भिक्षाको लागि बाहिर जाने गर्थे । यसरी अबेर राती पनि भिक्षाटन जान थालियो । मानिसहरूको खाना खाने समयमा भिक्षा माग्न जाँदा कहिले काहिं भिक्षा प्राप्त हुन सकेन । कहिले काहिँ त मानिसहरूले खाना खाई जूठो भाँडा माझेर फालेको

फोहर पानी नै भिक्षुको टाउकोमा पर्न थाल्यो। यसरी नै राती अवेर भिक्षाटन जाँदा अँध्यारोमा चोरहरूले चोरेर ल्याएको सामान भिक्षु समक्ष राखि भाग्ने गरे। अनि भिक्षुलाई नै चोर भन्ठानी समाटेर लाने गर्न थाले। त्यतिमात्र होइन कहिले काहिं त अँध्यारोमा बाटोमा सुतिरहेका गोरु, साँढे, आदीको जीउमा ठेस लागेर घोप्टिन पुगे भिक्षुहरू। अनि ती गोरूले हानेर घाइते बन्न पुगे। यसरी अनेक बिघ्न बाधा र अड्चनहरू आइपरेको देख्नु भएपछि बुद्धले विकाल भोजन गर्न नहुने नियम बनाउनु भएको हो।

श्रीलंकामा त थेरवादी भिक्षुहरूले पनि राती खाना खाने गर्छन्। त्यहाँ कुनै रोकटोक छैन। त्यहाँका ९९ प्रतिशत भिक्षुहरूले राती खाना खाने गर्छन्। राती (बेलुकी) खाना खाएर पाप लाग्ने नै कार्य त होइन। तैपनि यसरी खाना खाँदा थुप्रै अप्ठ्याराहरू आइपर्दा रहेछन्। किनभने मानिसहरूमा ठीक समझदारी नै देखिँदैन। त्यसैले ठीक समयमा मात्र खाना खाने नियम बसालिएको हो।

*सहभागी–*

आज त जानिराख्नु पर्ने विषयमा नै छलफल गरियो। मानिसहरूले थाहा छैन ठीक समयमा खाना खाने बानी बसे अपच हुँदैन भनेर। पेट गडबड पनि नहुने। शरीर हलुका हुने। स्वास्थ्यको लागि त अति राम्रो कुरो रहेछ। यसरी अष्टशील व्रत पालन गर्ने नियम त राम्रै रहेछ नि हगि! लौत आजलाई बिदा पनि लिन्छौं। ■

# भिक्षु अश्वघोष महास्थविर

**✍ कृष्ण कुमार प्रजापति**
*नगदेश बुद्ध विहार*

**भि**– भिक्षुत्व ग्रहण गरी श्रमण जीवन यापन गरी।
**क्षु**– क्षुब्धता र कठोरता त्यागी सम्यक आजीविका गरी।
**अ**– 'अनित्य, दुःख र अनात्म' बुद्ध धर्मको सार बुझी।
**श्व**– श्वरमा स्वर मिलाई सद्धर्म प्रचार प्रसार गरी।
**घो**– घोषणा गरी लाग्नु भयो बुद्ध शासनिक कार्य बृद्धि गरी।
**ष**– षडयन्त्र र छलछाम त्यागी निश्चल भै कार्य गरी।
**म**– महत्व दिई समर्पित हुनु भयो सही र सम्यक धर्मखातिर।
**हा**– 'हासिल गरौं जीवन मुक्ति' भनी लाग्नु भयो सम्यक पथ तिर।
**स्थ**– स्थविर जेष्ठहरूको उपदेश शिरोधार्य गर्नुभयो वहाँले।
**वि**– विवेक विचार पुऱ्याई अप्रमादी भै लाग्नुभयो वहाँले।
**र**– रमाई रमाई प्रव्रजित भएको ६० वर्ष पुग्यो भिक्षु अश्वघोषले।

*वि.सं. २०६० माघ ६ मंगलबार*
*बुद्ध सम्बत २५४७*

*(प्रस्तुत कविता अग्ग महासद्धम्म जोतिक धज, श्रद्धेय भिक्षु अश्वघोष महास्थविरज्यू प्रव्रजित हुनु भएको ६० वर्ष पूर्ण भएको शुभ-घडीमा आयोजित 'कविता वाचन गोष्ठी' मा वाचन गरी सकेको।)*



Downloaded from http://www.dhamma.digital

***यो पनि जानीराखे राम्रो हुन्छ ...***

## कुष्ठरोगको आशङ्कामा आफ्नै छोराद्वारा परित्यक्त गायत्रीको उद्धार

महेन्द्रनगर, (नेस)।

कुष्ठरोगीको आशङ्कामा घरबाट निकालिएकी एक महिला महाकाली अञ्चल अस्पतालमा जीवन-मरणको दोसाँधमा छिन्।

'पापको परिणाम' भन्दै घरबाट निकालिएकी धनगढी तारानगरकी ४० वर्षीया गायत्री बडूलाई एक जना राजनीतिक कार्यकर्ताले अस्पताल भर्ना गरिदिएका छन्।

आफ्नै छोराले उपचार गर्न भनेर बसमा चढाएर आफू कुलेलम ठोकेको बताउँदै गायत्रीले भनिन्– 'परिवारमा हेपिएर बस्नुभन्दा मृत्यु नै प्यारो छ मलाई।'

दुई छोरा र दुई छोरीकी आमा गायत्रीका श्रीमान् स्थानीय विद्यालयमा शिक्षण पेसामा संलग्न छन्।

छोराले गाडी चढाएर छोडिदिएपछि नेपाल-भारतको सीमा नाका गड्डाचौकीमा अलपत्र अवस्थामा रहेकी गायत्रीलाई देखेपछि त्यहाँ कार्यरत सबै नेपालका संयोजक हरि ढकालले कुष्ठरोग निवारणका लागि संलग्न संघ-संस्थाहरूलाई खबर गरेका थिए।

कुष्ठरोग निवारणको क्षेत्रमा कार्यरत नेदरल्यान्ड लेप्रोसी रिलिफले जाँच गर्दा उनलाई कुष्ठरोग नलागेको देखिएपछि संयोजक ढकालले केही स्थानीय बासिन्दाको सहयोगमा उनलाई अञ्चल अस्पताल भर्ना गरिदिएका थिए। पीडितका हातखुटा पाकेर कीरा परेका छन्।

सुदूरपश्चिमी समाजमा कुष्ठरोगीलाई पापको परिणाम भन्दै सामाजिक भेदभाव गरिन्छ। कुष्ठरोग लागेको व्यक्तिको परिवारका अन्य सदस्यहरूको पानी नचलाउने अन्धविश्वास अझै यहाँ कायमै छ।

मंगलबार साँझ अस्पताल भर्ना गरिएकी गायत्रीको अहिले असहाय कोषबाट नि:शुल्क उपचार भइरहेको छ। उपचारमा संलग्न डाक्टरहरूले सामान्य घाउ भएको र नियमित औषधि सेवन गरे ठीक हुने बताएका छन्।

### 'धर्मकीर्ति पत्रिका'

✍ श्रामणेर गौतम

शान्तिको द्योतक हो धर्मकीर्ति
अमर रहोस् म मरेपनि धर्मकीर्ति
हरेक बाधा, दु:ख र पीडा सहेर
बुद्धको अमृत वचन सम्झेर
छपाइरहन मनलाग्छ कविताहरू अनि
यही धर्मकीर्ति पत्रिकामा अरू पनि
बाटो देखाइदिनुभयो धम्मवती गुरुमांले
तर काम गर्न सकिन बुद्ध वचन जस्तो मैले

क.सं. ४२१
राजन शाक्य
नरदेवी टोल च. ३-४८३
काठमाडौं
रु. १०१०/-

क.सं. ४२२
सत्ये लक्ष्मी रंजित
चुन्देवी श्यान, कटुन्जे गा.वि.स.
भक्तपुर
रु. १००५/-

### ध्यानकुटी बाल आश्रमको लागि चन्दा दिनुहुने दाताहरूको नामावली

| | | |
|---|---|---|
| १. | इन्द्रमान महर्जन त्यौड, | रु. १,७००।- |
| २. | भिक्षु धम्मज्योती लद्दाख | रु. ५००।- |
| ३. | स्व. पुत्रको स्मृतिमा तीर्थदेव मानन्धर | रु. ४००।- |
| ४. | नियुत मान सिंह तुलाधरको जन्म दिनको उपलक्ष्यमा | रु. १,५००।- |
| ५. | दयालक्ष्मी रंजित बबरमहल | रु. ५०२।- |
| ६. | श्रीमती जयश्री शाक्य, ल.पु. नकबहील | रु. ५,१६०।- |
| ७. | कविदास खड्गी ललितपुरबाट बच्चाहरू, भन्तेहरू र कर्मचारीहरूलाई समेत १६ वटा झोला प्रदान गर्नुभएको छ। | |

निम्न कुराहरू निर्वाण प्राप्तिमा अवरोध खडा गर्न आउने बाढी जस्तो हुनाले चार 'ओघ' भनिन्छन्–
(१) काम (२) भव (=जन्म) (३) मिथ्या दृष्टि (=गलत धारणा) (४) अविद्या (=अज्ञानता)

*यो पनि जानीराखे राम्रो हुन्छ ...*

# धर्म गर्ने नाउँमा पाप

हाम्रो देश नेपाल अनेक थरी संस्कृति र अनौठा इतिहासहरूको सङ्गम हो । हामीले हाम्रो देशलाई माया गर्नुपर्छ । हामी भन्छौं हाम्रो भाषा, भेष र संस्कृति प्राणभन्दा पनि प्यारो छ । तर, यो भन्नुभन्दा पहिले यी कुराहरूमा भएका खोटहरू हटाउनुपर्छ । हामीले यदि भित्री कमजोरीहरू नबुझी केही कुराको पनि प्रशंसा गर्‍यौं भने त्यो ठूलो भूल हुनेछ र हामी भित्रभित्रै खस्किरहेका हुनेछौं । हामीले खोक्रो शान र प्रतिष्ठा देखाए पनि तिनीहरूले हामीलाई भित्रभित्रै गिज्याइरहेका हुनेछन् । हामीले प्राणजस्तै प्यारो मान्ने संस्कृतिप्रति केही अवगुणहरूलाई छाडेर भन्ने हो भने हाम्रो संस्कृति राम्रो छ तर यही संस्कृतिको रसिलो बोक्राभित्र लुकेका कीराहरू अथवा अराजक र दानवीय संस्कृतिहरूको कुराप्रति जो कोही संवेदनशील र मानवतावादी हृदय भएकाहरू एकछिन घोरिएर सोच्न बाध्य हुन्छन् । अनि उनीहरू संस्कृतिलाई खोक्रो बनाउने क्रूरता र अन्धविश्वासप्रति विद्रोही बन्न पुग्छन् । यहाँ यस्तै अराजक प्रथाहरूमध्येको अग्रणी बलि प्रथाको कुरा गर्नु सान्दर्भिक हुन आउँछ ।

हाम्रो देशमा विभिन्न चाडपर्वहरू छन् । यी चाडपर्वहरूका आफ्नै विशेषताहरू हुन्छन् । तर, कुनै चाडहरू यति भयानक हुन्छन् कि धर्मको नाममा निर्दोष प्राणीहरूको हत्या गरेर विवेकशील भनाउँदाहरू खुसी हुन्छन् । त्यस्तै पर्वहरूमध्ये एउटाको नाम लिन सकिन्छ, त्यो हो दशैं । यो चाडमा असङ्ख्य निरिह जनावरहरूको निर्ममतापूर्वक वध गरिन्छ । विरहलाग्दो तरिकाले ती विवश प्राणीहरू पीडाले छटपटिएर मर्छन् । तिनीहरूको मर्म बुझिदिनैं कोही हुन्नन् त्यहाँ । मौलामा असङ्ख्य प्राणीहरूको बलि दिइन्छ, कुनै प्राणीहरूको त पन्ध्र/बीस चोटी मार हान्दा पनि गला छिनिन्न । अलिकति काँडाले घोच्दा पनि छट्पटाउने मानिसहरू निर्दोष प्राणीहरूको वध गर्छन् र दया, माया बिर्सिन्छन् । धर्म र पुण्य कमाउन देवी-देवता खुसी हुन्छन् भन्ने अन्धविश्वास व्यापक छ र प्राणीलाई चाडपर्बमा बलि दिने, काम फत्ते गर्न बलि दिने, बिरामी हुँदा निको हुने आशमा बलि दिने आदि कुप्रथाहरू व्यापक छन् । प्राणीको बलि दिएर देवी-देवता खुसी हुन्छन् भन्ने कुरा अराजक र गलत हो । जो-कोहीले पनि अन्दाज लगाउन सक्छ कि निर्दोष प्राणीहरूको हत्या पाप हो । जुन प्राणीले हामीलाई कुनै क्षति पुऱ्याएको छैन त्यस्तालाई मार्न मानव भनाउँदाको हात किन काँप्दैन ? किन उसले हतियार उठाउँछ निर्दोषको हत्या गर्न ? भगवान् भनेका सत्यता र अहिंसाका प्रतीक हुन्, पक्कै पनि उनले निर्दोष प्राणीहरूको बलि चाहँदैनन् बरू उनले मानिसहरूमा भएको क्रूरता, निर्दयीता, अन्धविश्वास र अवगुणहरूको बलि चाहन्छन् । यसतर्फ अब मानिसले सोच पुऱ्याउनु जरुरी छ ।

**– प्रकाश भट्टराई**

*(साभार: समाचारपत्र ६ कार्तिक, २०६०)*

## अनिच्चावत संखारा

सिद्धि मंगल बुद्ध विहारया उपासक नन्द महर्जन ६९ दँया वैशय् मिति २०६० फागुण २३ कुन्हु दिवंगत जुयादीगु वय्क:या छ्यैंज:पिसं प्रकृतिया अनित्य स्वभावयात थ्वीका: धैर्य धारण याय् फयमा धका: सिद्धि मंगल बुद्ध विहारया उपासक उपासिका पाखें कामना या:गु जुल ।

उपासक उपासिकापिं
**श्री सिद्धि मङ्गल बुद्ध विहार**
ल.पु.जि.सिद्धिपुर खुसिलँ ।

✿ धर्मप्रचार ✿ — **समाचार**

### धर्मदेशना

यल, शीतलाष्टमी, यल लायकू स्थित विश्व मैत्री विहारे सुजाता गुरुमांनं राग द्वेष व मोह समान मि मेगु मदु धयागु विषययात कया: धर्मदेशना याना बिज्या:गु समाचार दु । पञ्चशील प्रार्थना व बुद्ध पूजां लिपा सम्पन्न जूगु उगु ज्याझ्वले लक्ष्मी महर्जन व दिलशोभा शाक्यं थथ:गु मन्तव्य प्वंकादिल ।

अथेहे वंगु संल्हूया धर्म देशनायात लुमंका त:थें छत्वा:चा खँ कनादयूपिं सुभद्रा शाक्य व दशराममहर्जनयात सुजाता गुरुमांया पाखें सिरपा: ल:ल्हाय्गु ज्या नं क्वचा:गु खँ सीदु ।

प्रेमबहादुर वज्राचार्यं लसकुस यानादीगु उगु ज्याझ्वले शान्तमान शाक्यं सुभाय देछाना दिलसा राजेन्द्र शाक्यं जलपानया व्यवस्था यानादीगु ख: ।



Downloaded from http://www.dhamma.digital

# सीयोसम्म लैजान पनि दिंदैनन्

धन-सम्पत्ति, पद-परिवारको त के कुरा लगाएको लुगा, गहना समेत सबै फुकालेर यहीं छोडेर केवल कर्मका गठरी बोकेर धर्मराजको समक्ष जानु पर्दछ ।

एकजना व्यक्ति धन कमाउन सके सुख पाउँला भन्ने विचार गरी कठोर परिश्रम गरेर धन कमाउन थाले । तर जति जति धन-सम्पत्ति जम्मा गर्दै जान्थे उति-उति अशान्ति, दु:ख र असन्तोषको मात्रा उनमा बढ्दै गएको देखेर के गरेमा सुख, शान्ति मिल्ला भनी एकदिन गुरु नानककहाँ गएर बिन्ती गरे, "हे गुरु ! मसँग धन-सम्पत्ति, पद-प्रतिष्ठा, पत्नी-पुत्रहरू सबै कुरा छन् तैपनि मैले शान्ति पाइन लौ न ! के गरूँ ?" नानकले केही बेर उनीसँग घरायसी कुराकानी गरिसकेर भन्नुभयो– "हेर भाइ ! अशान्ति पाउन धेरै परिश्रम गर्नुपर्दछ तर शान्ति पाउन केही कोशिस गर्नुपर्दैन । म तिमीलाई एउटा सानो काम जिम्मा दिन्छु त्यो गरिदिने बचन दिन्छौ भने म तिमीलाई शान्तिको साँचो नै हातमा राखिदिन्छु !"

"म शान्तिको लागि जे पनि गर्न तयार छु, भन्नुहोस्' भनी ती मानिसले भन्दा गुरुले आफ्नो आसन नगिचैको बट्टाबाट एउटा सियो निकालेर दिंदै भन्नुभयो– "यो सियोलाई तिमीले सुरक्षितसाथ घर लगेर राख, म स्वर्ग जाँदा यो सियो लगेर गुरुलाई दिनुपर्छ" भने । स्वास्नीले आश्चर्य मान्दै भनिन्– "यो सियो कसरी लैजान सक्नु हुन्छ तपाईंले ! मरेपछि त मरेको मानिसले लगाएको लुगा समेत झिकेर नांगै पारेर जलाइदिन्छन् भन्ने यत्ति कुरा पनि थाहा छैन ?" स्वास्नीको त्यो वाणीले ती सेठ झल्याँस भए । भोलिपल्ट गुरु समक्ष गएर, "हे प्रभु ! सम्पत्ति बटुल्न पाए त सबैथोक पाउँछु भन्ने भ्रममा परेको थिएँ तर हजुरको सियोले मलाई ठूलो ज्ञान दिलाई दियो । अब मैले के गरेमा सुखशान्ति पाउँछु उपाय बताइ दिनुहोस् भनी पाउ परे । तब गुरू नानकले भन्नुभयो– "हेर ! जाबो एउटा सियोले त तिम्रो साथ दिंदो रहेनछ भने तिम्रा धन-सम्पत्ति, पद-प्रतिष्ठा, पुत्र-पत्नी कसैले साथ देलान् त ?" त्यसपछि जनसमूहतिर फर्कदै गुरु नानकले भन्नुभयो ।

"सम्पत्ति बटुलेर सुख, शान्ति पाउन तम्सिने हे मूर्खहरू हो ! तिमीहरूले जसलाई सम्पत्ति, सुख र समृद्धि मानेर यिनकै पछि अन्धाधुन्द लागिरहेका छौ यिनै कुरा तिम्रा लागि विपत्ति, दु:ख र नाशको कारण बन्ने छ । यसरी कमाएका कुनै पनि कुराका एक अंश पनि साथमा लैजान पाउने छैनौ । बरू यिनको पछि लाग्दा तिमीरूले गरेका पाप कर्मका गरी बोक्दै बैतरणी नदी तर्दै धर्मराज समक्ष पुगेर तिम्रा कर्मफल भोग्न फेरि ८४ को चक्रमा पर्नेछौ ! तिमीरूले कुकर्म गरी कमाएका सम्पत्ति तिम्रा सन्तानको पनि दुर्गति हुनेछ ! सन्तान दरसन्तानले समेत तिम्रा पापका फल यहीं बसेर भोग्नु पर्नेछ ! तसर्थ यदि तिमीरू आफ्नो र आफ्ना सन्तान समेतको कल्याण चाहन्छौ भने कुकर्म गर्न छोड र आजै, अहिल्यैदेखि तिमीहरूले कमाएका, जम्मा गरेका, धनसम्पत्ति, जनकल्याणकारी कार्यमा खर्च गर । सुख र शान्तिको लागि अरू केही गर्नु पर्दैन ।"

■

**धदमद र पदमद भन्दा कडा अरू कुनै मद छैन । अन्य प्रकारका नशा तथा मद चढाउने लागु पदार्थका उत्पादन, बेचबिखन गर्ने गराउनेमा पनि धन र पदमावालाहरूकै हात र प्रमुख स्थान छ ।**

*साभार: परमात्माको दर्शन (चिन्तद्वारा)*

✿ धर्मप्रचार ✿ — समाचार

## मच्छे गामे बौद्ध जागरण कार्यक्रम सम्पन्न

यें, २०६० फागुन २४ गते । युवा बौद्ध समूहया ग्वसाले श्रद्धेय अश्वघोष महास्थवीर या ख्वीदं प्रवजित वर्षया उपलक्षे जुयाच्वंगु थी थी ज्याझ्व अन्तर्गत मच्छेगामे छन्हुया बौद्ध जागरण कार्यक्रम सम्पन्न जुल ।

मच्छेगां या वडा नं. ४ स निर्माणाधीन निर्वाण बुद्धविहारे जूगु थुगु ज्याझ्वले बुद्धया शिक्षा, धर्मयागुण, स्वनिगले बुद्धधर्मया प्रवेश व जातक बाखं या वारे क्रमश: त्रिरत्न मानन्धर देवरंजित, हर्षमुनी शाक्य व विपेन्द्र महर्जन पाखें कक्षा कायगु ज्याजूगु ख: ।

मच्छेगांया न्येम्ह (५०) उपासक उपासिका पिंसं ब्वयतकगु उगु ज्याझ्व विहारया उपासक लक्ष्मिनारायण मानन्धर पाखें सभापतित्व यानादीगु ख: । युवा बौद्धसमूह पाखें बुद्धपूजा याना सुरू जूगु उगु ज्याझ्वले कुमार कृष्ण मानन्धर पाखें लसकुस न्वचु, युवा बौद्ध समूहया सचिव मदन बहादुर तुलाधर पाखें सुभाय न्वचू व ज्याझ्व संचालन तेजनारायण मानन्धर पाखें संचालन यानादीगु ख: ।

२०६० फागुण १६, धर्मकीर्ति विहार ।

रिपोर्टर : विमला शाक्य

यसदिन कक्षामा सहभागी सबैले किताव पढी छलफल गरियो । छलफलको विषय थियो– "पण्डितवाद र राजवाद" । यसको अतिरिक्त त्यसदिन मिलिन्द राजाले भिक्षु नागसेनलाई गरेका प्रश्नहरू मध्ये थुप्रै प्रश्नहरूको बिषयमा यसरी छलफल गरियो ।

- पण्डितहरू वादविवाद गर्दा तर्कलाई खण्डन गरेपनि रिसाउँदैनन् । तर साधारण व्यक्तिले राजाको तर्क काट्न र खण्डन गरियो भने दण्ड सजायँको भागीदार हुनेछ भन्ने विषयमा छलफल गरिएको थियो ।

प्रव्रज्या हुनाको उद्देय नै जन्ममरण चक्रबाट मुक्त बन्ने हो भने कोही कोही लोभ र लाभको वसमा परी प्रव्रज्या हुन्छन् ।

- मनसिकार र प्रज्ञा एउटै जस्तो देखिएतापनि यसलाई यसरी बुझ्नु पर्छ । मनसिकार भनेको ठीक तरिकाले समाट्ने र प्रज्ञा भनेको काट्ने । उदाहरणको लागि धानको बाला काट्ने बेला धानको मुठ्ठा बाँया हातले समाट्ने गरिन्छ भने दाँया हातले हँसिया लिई काट्ने गरिन्छ ।

- शील, श्रद्धा, वीर्य, स्मृति र समाधि कुशल धर्मको लक्षण हुन् ।

- श्रद्धा भनेको ठूलो आकांक्षा मनमा उत्पन्न गराउने ।

- वीर्यको लक्षण टेवा दिने आदि ।

### धर्मकीर्ति संरक्षण कोषको वार्षिक साधारण सभा सम्पन्न

२०६० चैत्र १४ गते, शनिबार ।

स्थान- धर्मकीर्ति विहार, श्रीघ:न:घल ।

धर्मकीर्ति संरक्षण कोषको वार्षिक साधारण सभा सम्पन्न भएको छ । यसपाली उक्त संरक्षणकोषको पदाधिकारीहरूमा हेरफेर गरी नयाँ पदाधिकारीहरू मनोनित गरिएको छ । नयाँ मनोनित पदाधिकारीहरूको तालिका यसरी रहेको छ–

*धर्मकीर्ति विहार संरक्षण कोषका पदाधिकारीहरू*

*(विसं. २०६० चैत्र १४)*

| | | |
|---|---|---|
| धम्मानुशासक | - | भिक्षु अश्वघोष महास्थविर |
| अध्यक्ष | - | भिक्षुणी धम्मवती गुरुमां |
| उपाध्यक्ष | - | भिक्षुणी धम्मदिन्ना (चमेली) गुरुमां |
| उपाध्यक्ष | - | श्री द्रब्य मान सिंह तुलाधर |
| सचिव | - | श्रीमती कीर्ति तुलाधर |
| सह-सचिव | - | श्रीमती मीना तुलाधर |
| कोषाध्यक्ष | - | श्री सानुरत्न स्थापित |
| सह-कोषाध्यक्ष | - | श्रीमती रीना तुलाधर |
| सदस्य | - | श्री लोकदर्शन वज्राचार्य |
| सदस्य | - | श्री हीराकाजी शाक्य |
| सदस्य | - | श्री मदन रत्न मानन्धर |
| सदस्य | - | श्री मोति काजी शाक्य |
| सल्लाहकार | - | दो गुणवती गुरुमां, म्यानमार |
| सल्लाहकार | - | रत्नमञ्जरी गुरुमां |
| सल्लाहकार | - | श्री बरदेश मानन्धर |
| सल्लाहकार | - | श्रीमती सुमन कमल तुलाधर |
| सल्लाहकार | - | श्री मानकाजी शाक्य |

### धर्मोदय सभाको प्रवचन कार्यक्रम

२०६० चैत्र १ गते, आइतबार ।

स्थान- धर्मकीर्ति विहार, श्रीघ: न:घ: ।

यसदिन धर्मोदय सभाको आयोजनामा सञ्चालन हुँदै आइरहेको प्रवचन कार्यक्रम अनुसार भिक्षु ज्ञानपूर्णिक महास्थविरको तर्फबाट प्रवचन भएको थियो ।

प्रवचनको क्रममा उहाँले बुद्ध शिक्षामा आधारित आर्य अष्टाङ्गिक मार्गलाई व्याख्या गर्नुभएको थियो । यस क्रममा उहाँले भन्नुभयो–

"बुद्धले देखाउनु भएको मध्यम मार्गलाई नबिराईकन जसले अनुमोदन गर्न सक्छ, उसलाई धर्मले रक्षा गर्नेछ । किनभने बुद्धले भन्नुभएको छ–

**"धम्मो हवे रक्खती धम्मचारी"** अर्थात् जसले धर्मलाई रक्षा गर्छ उसलाई धर्मले रक्षा गर्छ । त्यसैले



Downloaded from http://www.dhamma.digital

हामी आफैले आफ्ना मन, वचन र कार्यले हरेक क्षण धर्म पालन गरिरहेको छ वा छैन जाँच्ने बानी बसाल्न आवश्यक छ । किनभने "**धारेतीति धम्मो**" अर्थात् धर्म भनेको नै धारण गर्नको लागि हो । धर्मको नाममा पण्डित्याईं देखाई तर्क वितर्क, वाद विवाद गर्न र यसको धर्म उसको धर्म भन्नको लागि होइन ।"

धर्मोदय सभाका मुख्य सचिव सुवर्ण शाक्यले संचालन गर्नुभएको उक्त कार्यक्रममा धर्मोदय सभाका उपाध्यक्ष भिक्षुणी धम्मवती, धर्मोदय सभाका अध्यक्ष भिक्षु अश्वघोष महास्थविर, उपाध्यक्ष श्री ओमकार प्रसाद गौचन आदिले बुद्ध शिक्षा वादविवाद गर्नको लागि नभई पालन गर्नको लागि हो भन्ने विषयमा आ आफ्ना मन्तव्य व्यक्त गर्नुभएका थिए । उक्त कार्यक्रममा उपस्थित सबै सहभागीहरूलाई दाता श्री द्रव्यमान सिंह, वसुन्धरा तुलाधर प्रमुख सपरिवारको तर्फबाट खाजा र चिसो पेय पदार्थको व्यवस्था मिलाउनु भएको थियो । ■

## जापानी पाहुनाहरूको स्वागत

२०६० चैत्र ७, धर्मकीर्ति विहार ।

यसदिन धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको आयोजनामा संचालित एक कार्यक्रममा Asian Volunteer Centre Japan का १०, ११ जना जापानी पाहुनाहरूलाई स्वागत गरिएको थियो ।


धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका सदस्य श्यामलाल चित्रकारले संचालन गर्नुभएको उक्त स्वागत कार्यक्रममा उक्त गोष्ठीका सचिव रमा कंसाकारले स्वागत भाषण गर्नुभएको थियो भने गोष्ठीका अध्यक्ष भिक्षुणी धम्मवतीले पाहुनाहरूलाई उपहार प्रदान गर्नु भएको थियो ।

महिला शशक्तिकरण कार्यक्रममा जुट्नुभएका जापानी पाहुनाहरू र महिला उत्थान कार्यमा लागेको धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी विच केही क्षण एक आपसमा आफ्ना संस्थाहरूको विभिन्न कार्यक्रमहरू विषयमा अनुभव आदान प्रदान भएको थियो ।

उक्त कार्यक्रममा भिक्षुणी धम्मवतीले अशिर्वचन दिनु भएको थियो भने गोष्ठीका सदस्य श्रीमती कीर्ति तुलाधरले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

## बिचाः हायेका

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरुज्झन्ति तेसं ऊपसमो सुखो**



*बूगु दिं*
बि.सं. १९९१ ज्येष्ठ १ गते

*मदुगु दिं*
वि.सं. २०६० फागुन २३ गते

**मदुम्ह : दिवंगत नन्द महर्जन**

**जिमि जहान नन्द महर्जनया पूण्य स्मृतिस श्रद्धाञ्जली देछाया**

**च्वनापिं महर्जन परिवार**

*जहान* – **गणेशमाया**

*कायपिं* – **नन्दगोबिन्द व गोबिन्द**

*भौमचापिं* – **नानीवती व मन्दीरा**

*म्ह्यायपिं* – **नन्ददेवी, नानीमाया व मङ्गलमाया**

*छयपिं* – **मनीराज, नेतेस, रितेस व मैया**

# बिचाः हायेका

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरुज्झन्ति तेसं ऊपसमो सुखो**

*बूगु दिं*
बि.सं. १९८३ श्रावण



*मदुगु दिं*
वि.सं. २०६० फागुन ६ गते

## मदुम्ह : वण्णवती गुरुमाँ

**धर्मकीर्ति पत्रिकाया विशेष सदस्य कुलेश्वरे च्वना बिज्याःम्ह वण्णवती गुरुमां ७७ दँया वैशय् मदुगुलिं दुःखं कःपिं वयकःया छेंजःपिसं संसार अनित्य खः धकाः थुइके फयेमा धका बिचाः हायका च्वना ।**

## धर्मकीर्ति पत्रिका परिवार

✔ **चार किसिमका दुर्गन्धहरू भन्नाले तलका कुराहरू बुझिन्छन्–**
(१) लोभ (२) व्यापाद (=द्वेष) (३) शीलब्रत परामर्श (=अन्धविश्वास) (४) यही ठीक छ भन्ने पूर्वाग्रह

✔ **चार धर्म स्कन्ध (=समुह) हरू यसप्रकार छन्–**
(१) शील स्कन्ध (२) समाधि स्कन्ध (३) प्रज्ञा स्कन्ध (४) विमुक्ति स्कन्ध

✔ **ऋद्धि शक्ति प्राप्त गर्नलाई चाहिने तलका ध्यानहरूलाई चार ऋद्धिपाद भनेर चिनिन्छन्–**
(१) छन्द ऋद्धिपाद - इच्छालाई वशमा पार्नु (२) वीर्य ऋद्धिपाद - निर्वाण प्राप्त गर्ने प्रयत्न गर्नु
(३) चित्त ऋद्धिपाद - चित्त एकाग्र गर्नु (४) विमर्शन ऋद्धिपाद - विवेक बुद्धिको उन्नति गर्नु

*साभार- बौद्ध दर्पण*

✿ धर्मप्रचार ✿ **समाचार**

**चारूमती चैत्य पुनःनिर्माण कार्य सम्पन्न**

दुई हजार तीन सय वर्ष पुरानो ऐतिहासिक चारूमती चैत्यको पुनःनिर्माण कार्य सम्पन्न भइसकेको छ । चाबहिलमा रहेको उक्त ऐतिहासिक चैत्य पुनःनिर्माण कार्य सम्पन्न भएको उपलक्ष्यमा शान्ति कामना गर्दै भिक्षु महासंघको तर्फबाट महापरित्राण पाठ सम्पन्न गरिएको छ ।

वि.सं. २०६० फागुण १९ गते सम्पन्न गरिएको उक्त महापरित्राण पाठ कार्यक्रममा भिक्षु ज्ञानपूर्णिक महास्थविरले बुद्धको व्यवहारिक ज्ञान विषयमा प्रवचन दिनुभएको थियो । हाल भिक्षु तपस्सी चारूमती चैत्य स्थान मै बस्नु हुन्छ ।



Downloaded from http://www.dhamma.digital

### जेष्ठ नागरिक सम्मान कार्यक्रम

२०६० चैत्र १, गणमहाविहार, काठमाडौं ।

गण महाविहारको आयोजनामा उक्त विहारमा आजीवन सदस्य हुनुभई, दैनिक बुद्धपूजा, धर्मदेशना र विशेष कार्यक्रमहरूमा भाग लिई बुद्ध शासन चिरस्थायी गर्न योगदान पुऱ्याउँदै आएका ७५ वर्ष उमेर नाघेका उपासक उपासिकाहरूलाई सम्मान गर्ने कार्यक्रम सम्पन्न गरिएको छ ।

उक्त कार्यक्रममा ज्ञानमाला भजन, शील प्रार्थना, धर्मदेशना, परित्राण पाठ पनि गरिएको थियो भने भिक्षु अश्वघोष महास्थविर, भिक्षु शोभित, धम्मवती गुरुमां लगायत अन्य महानुभावहरूले पनि आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएका थिए ।

### भिक्षु विमलानन्द महास्थविर विभूषित

२०६० फागुण २२ (सन् २००४ मार्च ५) म्यानमार ।

गत २० वर्ष देखि लुम्बिनीमा बुद्ध धर्म प्रचार कार्यमा संलग्न रही आवश्यक सहयोग पुऱ्याउँदै आउनु भएका भिक्षु विमलानन्द महास्थविरलाई उहाँको सेवा कार्यलाई कदर गर्दै म्यानमार सरकारले "अग्ग महा सद्धम्म जोतिक धज" पदवीबाट विभूषित गरिएको छ ।

### ञाणशीला गुरूमाँ विभूषित

२०६० फागुण २२ (सन् २००४ मार्च ५) म्यानमार ।

शाक्य सिंह विहार ललितपुरमा रहनुभई बुद्ध शिक्षा प्रचार कार्यमा सेवा पुऱ्याउँदै आउनु भएकी ञाणशीला गुरूमांलाई उहाँको सेवा कार्यलाई कदर गर्दै म्यानमार सरकारले "महा सद्धम्म जोतिक धज" पदवीबाट विभूषित गरिएको छ ।

### बुद्ध पूजा

२०६० फागुण पूर्णिमा, नगदेश बुद्ध विहार ।

यसदिन नगदेश बौद्ध समूहको आयोजनामा बुद्ध पूजाको आयोजना गरी स्वर्गिय ज्ञानकुमार बाडेको कृतज्ञ गुण स्मरण गरिएको समाचार छ । धर्मोदय सभा मध्यपुर थिमी नगर शाखा, नगदेशका संस्थापक अध्यक्ष एवं नगदेश बौद्ध समूहका अध्यक्ष समेत रहनु भएका ज्ञानकुमार बाडेको दुईवर्षिय पूण्य तिथीको उपलक्ष्यमा संचालित उक्त कार्यक्रममा उहाँको पूण्यस्मृतिमा सामूहिक ध्यान भावना, बुद्ध पूजा, भिक्षु वरसम्बोधीबाट धर्मदेशना, परित्राण पाठ र पूण्यानुमोदन गरी सभा विसर्जन गरिएको थियो । उक्त अवसरमा समूहका सचिव कृष्णकुमार प्रजापतिले दिवंगत अध्यक्ष बाडेको योगदान र कृतज्ञ गुणबारे चर्चा गर्नुभयो ।

### दुई जना बौद्ध विद्वान नेपाली डा. भिक्षुणीहरू (अनगारिका) अमेरिकामा धर्मप्रचार गर्नुहुँदै

नेपालका दुईजना भिक्षुणीहरू डा. दो मोलिनी र डा. धम्मविजया हाल अमेरिकाको Columbus State स्थित Antioch University of OHIO मा विद्यार्थीहरूलाई बुद्ध शिक्षा अध्यापन गराउँदै रहनु भएको समाचार प्राप्त भएको छ ।

स्मरणिय छ उहाँहरू दुवै जनाले बुद्धगया स्थित मगध विश्वविद्यालयमा बुद्ध धर्म विषयमा विद्यावारिधी गर्नुभएका थिए ।

प्राप्त समाचार अनुसार उहाँहरू दुबैजना हाल Dayton University of OHIO र Loyela Mery Mount of California University मा पनि बुद्ध शिक्षा अध्यापन गर्ने सिलसिलामा लाग्दै हुनुहुन्छ ।

डा. दो मोलिनी र डा. धम्मविजया भिक्षुणी धम्मवतीका शिष्यहरू हुनुहुन्थ्यो । उहाँहरू दुबैजना नेपालको स्वयम्भू स्थित निर्वाण मूर्ति किण्डोल विहारमा रहँदै आउनु भएका थिए । उहाँहरूले किण्डोल विहारमा नै विदेशी नागरिकहरूलाई बुद्ध शिक्षा विषयमा कक्षा सञ्चालन गरी अध्यापन गर्न खोज्नु भएको थियो । तर नेपालमा हाल चलिरहेको द्वन्द एवं अशान्तिको कारणले विदेशी नागरिकहरू नेपालमा भित्रिन सम्भव नभएको हुनाले उहाँहरू दुबैजना अमेरिकामा नै गई धर्मप्रचार कार्यमा संलग्न रहनुभएको कुरा बुझिन आएको छ ।

स्मरणिय छ उहाँहरू दुबैजनाले बुद्धगयामा पनि कयौंपटक बुद्ध शिक्षा विषयमा अध्यापन गर्दै आउनु भएका थिए भने Singapore मा पनि यसरी नै बुद्ध शिक्षा अध्यापन गर्नु भएका थिए ।

जे होस् दुई शिक्षित बौद्ध विदुषीहरूले यसरी विदेशमा गई बुद्ध शिक्षा प्रचार कार्यका जुट्नु भएको प्रशंसनिय एवं सराहनिय कार्य रहेको कुरा हाल चर्चामा आइरहेको छ । उहाँहरूको यस प्रशंसनिय कार्यले निरन्तरता पाइरहोस् ।

अखिल नेपाल भिक्षु महासंघद्वारा सञ्चालित

# नेपाल बौद्ध परियत्ति शिक्षा

## बु.सं. २५४७ (वि.सं. २०६० वर्षको परीक्षा परिणाम

### केन्द्र - धर्मकीर्ति विहार

| क्र.सं. | पं.नं. | नाम | कक्षा | ठेगाना | प्राप्ताङ्क जम्मा | श्रेणी |
|---|---|---|---|---|---|---|
| १ | ५६७४ | प्रमिला कंसाकार | १ | हारती भवन | ७७ | प्रथम |
| २ | ५६९८ | श्याम विष्ट | १ | डल्लु | ७५ | प्रथम |
| ३ | ५६९२ | बन्दना महर्जन | १ | कलंकी | ७४ | प्रथम |
| ४ | ५६८९ | गिनीसा डंगोल | १ | धर्मस्थली-३ | ७४ | प्रथम |
| ५ | ५६७५ | दीक्षा श्रेष्ठ | १ | पशुपति | ७४ | प्रथम |
| ६ | ५६७१ | ज्योति मल्ल | १ | साखु | ७४ | प्रथम |
| ७ | ५६७० | नितु मल्ल | १ | साखु | ७४ | प्रथम |
| ८ | ५६८५ | गीता डंगोल | १ | धर्मस्थली-३ | ७२ | प्रथम |
| ९ | ५६६८ | सितु मानन्धर | १ | क्षेत्रपाति, काठमाडौं | ७२ | प्रथम |
| १० | ५६७२ | मिलिना तुलाधर | १ | गंगालाल मार्ग | ७१ | प्रथम |
| ११ | ५८५७ | सुपभावती | १ | धर्मकीर्ति | ६९ | प्रथम |
| १२ | ५६९६ | हिरालक्ष्मी शाक्य | १ | विशालनगर | ६५ | प्रथम |
| १३ | ५६७३ | विष्णुदेवी मानन्धर | १ | बागबजार | ६४ | प्रथम |
| १४ | ५८५८ | सोनिया डंगोल | १ | लगन टोल | ६३ | प्रथम |
| १५ | ५७८९ | सबिना महर्जन | १ | ताहाचल, काठमाडौं | ६२ | प्रथम |
| १६ | ५६७८ | आभाष मानन्धर | १ | बसन्तपुर | ६२ | प्रथम |
| १७ | ५६९७ | ध्रुवराज पोखरेल | १ | ढल्को | ६१ | प्रथम |
| १८ | ५६९१ | रत्नमाया महर्जन | १ | त्योड | ६१ | प्रथम |
| १९ | ५८५५ | मनिका महर्जन | १ | क्वाबहाल | ५९ | द्वितीय |
| २० | ५६९४ | न्हुछेमाया महर्जन | १ | वटु | ५९ | द्वितीय |
| २१ | ५८५२ | सानुमाया प्रजापति | १ | ज्याठा | ५८ | द्वितीय |
| २२ | ५६९५ | नानीशोभा महर्जन | १ | त्योड | ५४ | द्वितीय |
| २३ | ५७९० | सबिना शाही | १ | कलंकी | ५३ | द्वितीय |
| २४ | ५६८७ | चम्पा महर्जन | १ | धर्मस्थली-३ | ५२ | द्वितीय |
| २५ | ५६७७ | अभिषेक स्थापित | १ | मखनटोल | ५१ | द्वितीय |
| २६ | ५६६९ | केशरी डंगोल | १ | चावहिल | [illegible] | द्वितीय |
| २७ | ५८५३ | सत्यदेवी शाक्य | १ | न्यूरोड | ४५ | द्वितीय |
| २८ | ५८५६ | सरला महर्जन | १ | क्वाबहाल | ४४ | द्वितीय |
| २९ | ५६८८ | ज्ञानी डंगोल | १ | धर्मस्थली-३ | ४४ | द्वितीय |
| ३० | ५६९३ | स्वस्ति चित्रकार | १ | न्ह्योखा | ४० | द्वितीय |
| ३१ | ५६८३ | बिशाखा तुलाधर | १ | बनस्थली | ३८ | द्वितीय |
| ३२ | ५६८४ | श्रीजन डंगोल | १ | धर्मस्थली-३ | ३३ | द्वितीय |
| ३३ | ३९७८ | सरोज मानन्धर | २ | नरदेवी | १८५ | वोर्ड तृतीय |
| ३४ | ४७५८ | रामकुमारी मानन्धर | २ | बसन्तपुर | १६९ | प्रथम |
| ३५ | ४२२९ | आशिष तुलाधर | २ | भोटाहिटि, काठमाडौं | १५७ | प्रथम |
| ३६ | ४२१७ | सितामाया श्रेष्ठ | २ | धापासी-३, बसुन्धरा | १५३ | प्रथम |



Downloaded from http://www.dhamma.digital

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३७ | ४२२८ | सनी कुमार तुलाधर | २ | भोटाहिटि, काठमाडौं | १५१ | प्रथम |
| ३८ | ४७४८ | किरण डंगोल | २ | धर्मस्थली | १४७ | प्रथम |
| ३९ | ४२१६ | बिना श्रेष्ठ | २ | धापासी-३, बसुन्धरा | १४० | प्रथम |
| ४० | ४७४७ | गिनी सिंह | २ | मित्रपार्क, चाबहिल | १३८ | प्रथम |
| ४१ | ४१११ | एलिना मानन्धर | २ | साउनेपाटी | १३८ | प्रथम |
| ४२ | ४७५३ | तारादेवी मानन्धर | २ | भोटेबहाल | १२९ | प्रथम |
| ४३ | ५८०९ | सुर्यदेवी शाक्य | २ | न्यूरोड | ९१ | द्वितीय |
| ४४ | ३९७६ | गुलाबशोभा ताम्राकार | २ | चाबहिल | ८४ | तृतीय |
| ४५ | ४७४६ | नानीशोभा खड्गी | २ | कुमारीगाल, चाबहिल | ७९ | तृतीय |
| ४६ | ४२२० | सौरभ महर्जन | २ | धापासी-३, बसुन्धरा | ७५ | तृतीय |
| ४७ | ५८०७ | विजयलक्ष्मी शाक्य | ३ | इतुम्बहाल, काठमाडौं | १६२ | प्रथम |
| ४८ | ४२३५ | रमेश महर्जन | ३ | बसुन्धरा डोल, काठमाडौं | १४० | प्रथम |
| ४९ | ४२४० | सुनयना देवी श्रेष्ठ | ३ | बसुन्धरा चौकी | १३९ | प्रथम |
| ५० | ४२३२ | मन्जु महर्जन | ३ | बसुन्धरा, काठमाडौं | १३३ | प्रथम |
| ५१ | ३५७१ | प्रज्वल सायमी | ३ | गोङ्गबु | १२८ | प्रथम |
| ५२ | ४७४३ | प्रसन्नकाजी ताम्राकार | ३ | मरूटोल | १२७ | प्रथम |
| ५३ | ३८७५ | अ. वण्णवती | ३ | धर्मकीर्ति विहार | १२४ | प्रथम |
| ५४ | ४२३७ | हिरा श्रेष्ठ | ३ | बसुन्धरा चौकी | १२३ | प्रथम |
| ५५ | ३९७० | राजेश्वरी डंगोल | ३ | धर्मस्थल | १२३ | प्रथम |
| ५६ | ५८०८ | लक्ष्मीहिरा स्थापित | ३ | मखनटोल | १२२ | प्रथम |
| ५७ | ४२३८ | रजनी महर्जन | ३ | बसुन्धरा | १२१ | प्रथम |
| ५८ | ४२३४ | प्रकाश महर्जन | ३ | बसुन्धरा डोल, काठमाडौं | १२१ | प्रथम |
| ५९ | ४२३६ | मनोज महर्जन | ३ | धापासी, बसुन्धरा | ११८ | द्वितीय |
| ६० | ४२३३ | मनिषा महर्जन | ३ | बसुन्धरा, काठमाडौं | ११२ | द्वितीय |
| ६१ | ३९७२ | सुनीता डंगोल | ३ | धर्मस्थली | १०१ | द्वितीय |
| ६२ | ५८०२ | ज्योति मानन्धर | ३ | ठमेल-१६ | ९२ | द्वितीय |
| ६३ | ५८०१ | अमिता श्रेष्ठ | ३ | | ८९ | तृतीय |
| ६४ | ३९७१ | रामेश्वरी महर्जन | ३ | मनमैजु | ८५ | तृतीय |
| ६५ | ४२७० | पद्मा श्रेष्ठ | ३ | गोंगबु-काठमाडौं | ८३ | तृतीय |
| ६६ | ५८०० | रञ्जु महर्जन | ३ | बालाजु, नेपालटार | ७९ | तृतीय |
| ६७ | ३९७५ | राधिका डंगोल | ३ | धर्मस्थली | ७७ | तृतीय |
| ६८ | ५८०४ | सुभद्रा स्थापित | ३ | इन्द्रचोक | ७६ | तृतीय |
| ६९ | ४२४१ | मीना तुलाधर | ४ | गंगालाल मार्ग-४९७ काठमाडौं | २२८ | प्रथम |
| ७० | ४२४२ | बिमला शाक्य | ४ | नयां सडक, काठमाडौं | १६७ | द्वितीय |
| ७१ | ४७७४ | प्रेमकाजी बनिया | ४ | कोछें, बनियांचुक | १४७ | द्वितीय |
| ७२ | ५७५० | श्रद्धा गौतमी | ५ | धम्मावास विहार, खुसिबुं | २०६ | प्रथम |
| ७३ | ५७४९ | अ. शीलगौतमी | ५ | धम्मावास विहार, खुसिबुं | २०६ | प्रथम |
| ७४ | २९८३ | अ. अमता (कल्पना) | ५ | गुजिबहाल | १८६ | प्रथम |
| ७५ | ५७९८ | बबिता डंगोल | ५ | चाबहिल, मित्रपाक | १३४ | तृतीय |
| ७६ | ५४०१ | बिजय महर्जन | ६ | कालिमाटि | २०२ | द्वितीय |
| ७७ | २३७० | आरती रंजीत | ७ | मजिपात, यें | ३१५ | प्रथम |
| ७८ | १८७२ | मिनरवती तुलाधर | ९ | त्यौड | ३०१ | द्वितीय |